# बालबालिकाको वस्तुगत विवरण




**२०७७**

प्राविधिक सहयोग

**स्माइल नेपाल**

**झापा**

# चुलाचुली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, चुलाचुली-इलाम

## चुलाचुली गाउँपालिकाको नक्सा



## मन्तव्य

बालबालिकाको आधारभुत आवश्यकता परिपूर्ति गरी बाल अधिकारका सवालहरूलाई चुलाचुली गाउँपालिकाको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहार संस्थागत गर्ने शासकीय पद्दतिको विकास गरी बालमैत्री स्थानीय शासनयुक्त परिवार, समाज, वडा बनाउन हामी सबैको कर्तव्य हो । बाल अधिकारको सुनिश्चितता लागि लगानी गरी बालबालिकाहरुको वर्तमान अवस्थामा सुधार ल्याउन अत्यावश्यक हुन्छ । २०७५ साल पौष महिना १९ देखि २० गतेसम्म सबै सरोकारवाला र साझेदार निकायहरूको उपस्थितिमा चुलाचुली गाउँपालिकामा सञ्चालन गरिएको बालमैत्री स्थानीय शासनसम्बन्धी अभिमूखिकरण कार्याशाला पश्चात २०७७ साल भित्रमा चुलाचुली गाउँपालिकालाई बालमैत्री स्थानीय शासन युक्त स्थानीय तह घोषणा गर्ने प्रतिबद्धता गरीसकिएकोछ । गाउँपालिकाको बालमैत्री स्थानीय तह घोषणा गर्ने प्रतिबद्धता सार्थक बनाउन पालिकाबाट क्रमिकरुपमा कार्यहरु भईरहेकाछन ।गाउँपालिकाबाट पहिलो प्राथमिकतामा राखेका १,२,३ नं. वडामा बालबालिकाको अवस्था पहिचान गर्न बालबालिकाको वस्तुगत विवरण तयार भई सकेकोछ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधी अनुरूपका सुचकहरू पुरा गरी ६ वटै वडालाई बालमैत्री वडा र क्रमश गाउँपालिका घोषणा गर्ने हाम्रो लक्ष्य पुरा गर्न वडा नं.४,५ र ६ को दोस्रो चरणमा बालबालिकाको वस्तुगत विवरण तयार गरिएकोछ ।

बालमैत्री गाउँ बनाउनु भन्दा पहिला बालमैत्री स्थानीय शासन घोषण कार्यविधि २०७० अनुसार सूचकहरूको मापदण्ड अनुसार पुरा गरी प्रत्येक वडालाई बालमैत्री बनाउन आवश्यक हुन्छ । बालमैत्री स्थानीय शासनयुक्त गाउँ बनाउने अभियानमा पहिलो चरणमा वडा घोषणाका लागि वडा नं.४,५,६ लाई बालमैत्री बनाउन वडावासीहरूको पनि प्रतिबद्धता रहेको छ । वडावासीको शान पुरा गराउन बालबालिकाहरूको अवस्था र बालमैत्री स्थानीय शासनका सेवाप्रवाह साथै संस्थागत सूचकलगायतका  विवरण पत्ता लगाउन वडाको यथार्थ स्थिति यकिन गर्नका लागि बालबालिकाको बस्तुगत विवरणको  आवश्यकता महशुस गरि तयार गरिएको हो ।

बालबालिकाको बस्तुगत विवरण तयारीको लागि चुलाचुली गाउँपालिकाको आयोजनामा घरधुरी सर्भेक्षण गरी त्यसबाट प्राप्त सूचनाहरूलाई एकिकृत तथा विश्लेषणका आधारमा प्राप्त नतिजाहरूलाई मनन गरी बालबालिकाको क्षेत्रमा सुधार गर्ने पक्षमा लागि पर्न सबैमा अनुरोध गर्दछु । आगामी दिनमा बालबालिकाको वस्तुगत विवरणको सदुपयोग गरी बालबालिकाहरूको क्षेत्रमा रहेका राम्रा पक्षको निरन्तरता र सुधारात्मक पक्ष लागि अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयनमा ल्याउन  सहयोगी बन्ने आशा लिएकोछु । बस्तुगत विवरण निर्माण कार्यमा सहयोग गर्ने गाउँकार्यपालिका वडा नं.४,५,६ का वडा समिति, विषयगत शाखा, बालमैत्री स्थानीय शासन वडा समिति शिक्षक, सामाजिक संघसंस्था र बाल क्लवलाई  धन्यवाद दिन चाहान्छु । चुलाचुली गाउँपालिकाको ४,५,६वडाको बालबालिकाको बस्तुगत विवरण  तयार गरेर सहयोग पुऱ्याउने स्माइल नेपाल संस्था र सम्पूर्ण महानुभावप्रति  हार्दिक धन्यवाद दिँदै आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

..................

**प्रदिपचन्द्र राई**

**अध्यक्ष**

चुलाचुली  गाउँपालिका, चुलाचुली, इलाम

२०७७।०८।३०

## मन्तव्य

बालबालिकाहरू प्रति समयमा कर्तव्य पुरा नगर्दा बालक, परिवार र राष्ट्रको विकास राम्ररी हुन सक्दैन । बाल अधिकार महाशन्धिको आत्मसात गर्न चुलाचुली गाउँपालिकाले बालमैत्री अभियान सञ्चालनमा ल्याएको छ । बालवालिकाहरूको बाच्न पाउने,हेलादुर्व्यवहार,हिंशाबाट संरक्षण हुन पाउने, विकास हुन पाउने र बालबालिकालाई सरोकार राख्ने विषयमा सार्थकरूपमा सहभागिता हुन पाउने अधिकारको सुनिश्चिता गर्ने दायित्व अभिभावक र स्थानीय तहको रहन्छ ।

बालबालिकाहरूको क्षमता विकास र समानुपातिक अवसर प्रदान गर्न समेत उनिहरूको अवस्थाको पहिचान हुन जरुरी हुन्छ । बालबालिकाहरूको अवस्था यकिन गरी आधारभूत अत्यावश्यकता कुरा पुरा गर्न गाउँपालिकाले आफ्नो नीति,सरचना र कार्यप्रणालीमा उनीहरूका मागको संस्थागत सम्बोधनका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ को कार्यान्वयनमा ल्याउन दोस्रो चरणमा वडा नं.४,५,६ समेत तीनवटा वडाको बालबालिकाको वस्तुगत विवरण  तयार गरिएको छ ।

बालबालिकाको वस्तुगत विवरणबाट पहिचान गरिएका सवाललाई तत्काल सुधारका लागि लगानी गर्ने परिपाटीको विकास गर्दै बालमैत्री स्थानीय शासन युक्त चुलाचुली गाउँपालिका बनाउने लक्ष्यलाई सार्थक बनाउन  सहयोग पुऱ्याउने छ । बालबालिकाको वस्तुगत निर्माण कार्यमा  प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सबैमा धन्यवाद प्रकर्ट  गर्दछु ।

....................

**निर्मला दहाल**

**उपाध्यक्ष**

चुलाचुली गाउँपालिका, चुलाचुली इलाम

२०७७।०८।३०

## प्रतिबद्धता

सुखि नेपाली र समृद्ध नेपालको संकल्प पुरा गर्न बालबालिकाले बालापनमा आवश्यक पर्ने कुराहरुको परिपुर्ति सगै असल वातावरण दिन अपिरहार्य हुन्छ । बालबालिकाहरूको अवस्था सुधार गरी लगानीको वातावरण तयार गर्न उनीहरूको वर्तमान अवस्था के-कस्तो रहेकोछ भन्ने कुराको लेखाजोखा गर्न आवश्यक हुन्छ । बाल अधिकार अन्तराष्ट्रिय महासन्धीको प्रावधानलाई आत्मसाथ गर्न चुलाचुली गाउँपालिकाले बालमैत्री स्थानीय शासन अभियान सञ्चालनमा ल्याएकोछ । राष्ट्रिय प्राथमिकतामा रहेको बालमैत्री स्थानीय शासन कार्यक्रमको सामुहिक प्रतिवद्धता सहित बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी बालबालिकाहरूलाई जिम्मेवार बनाउने महान कार्यलाई निरन्तरता दिईदै आईएको सबैमा सर्बविदितै छ ।

बाल बचाउ,बालसंरक्षण,बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बालअधिकारका समग्र अवस्थाको पहिचान र लेखाजोखा गरी प्राप्त परीणामलाई सुधार गर्न स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रकृया र व्यवहारमा संस्थागत गर्नका लागि योजनावद्ध रूपमा बालबालिकामा लगानिको वातावरण तयार गर्न बस्तुगत विवरणले सहयोग पुऱ्याउछ ।बालमैत्री घोषणाको अभियानलाई सार्थक बनाउने अभियान अन्तर्गत चुलाचुली गाउँपालिका वडा नं. १, २ र ३ को पहिलो चरणमा बालबालिकाको वस्तुगत विवरण तयारी गरीसकिएकोछ ।बालमैत्री स्थानीय शासन युक्त बनाउन कार्य प्रारम्भ गरिएकोछ । बालबालिकाहरूको बर्तमान अवस्था यकिन गर्न आवश्यकता भएकाले बालकालिकाको बस्तुगत विवरण वनाउन जरुरी हुन्छ । चुलाचुली गाउँपालिकाले वडा नं.४,५,६ को बस्तुगत विवरणको निर्माणबाट बालबालिकाहरूको क्षेत्रमा देखापरेका समस्या तथा सवालहरूलाई सुधार गर्न सरोकारवालाहरू सबैले अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयनमा सहयोग पुऱ्याउन सहयोग पुग्नेछ । गाउँपालिकाको अगुवाईमा तयार गरिएको दस्तावेजले तीनवटा वडालाई बालमैत्री बनाउन र भविष्यमा योजनावद्ध कार्यमा समेत उपयोगी हुनेमा विश्वास लिएको छु ।

चुलाचुलीलाई बालमैत्री गाउँको रूपमा पहिचन दिने उद्देश्यले *बालमैत्री पद्धति र व्यवहार ,समृद्धि चुलाचुलीको आधार* भन्ने मुल मन्त्रका साथ बालमैत्री घोषणा उन्मुख अभियान संचालनमा ल्याईउकोछ । २०७८साल वैशाख महिना भित्र बालमैत्री स्थानीय शासन युक्त चुलाचुली घोषणा गर्ने अभियान अन्तर्गत बालबालिकाको अवस्था पहिचान गर्न बस्तुगत विवरण तयार गरिएको छ । बालबालिकाको वस्तुगत विवरण तयारीको लागि गाउँपालिका अध्यक्ष किशोरचन्द्र राई,उपाध्यक्ष निर्मला दाहाल,वडा अध्यक्षहरू कालीदास भट्टराई,चन्द्र थापा,हेमन्त राई कार्यपालिका सदस्य, विषयगत शाखा, बालमैत्री सम्पर्क व्यक्ति,वडावासीहरू, गणकहरू र बस्तुगत विवरण कार्यमा प्राविधिक सहयोग गर्ने स्माइल नेपाल, गोपाल लिम्बु र बालमैत्री अभियान्ता सुमन ढकालप्रति आभार प्रकट गर्दछु । बालबालिकाको बस्तुगत विवरणबाट देखिएका सुधारात्मक पक्षलाई यथाशिघ्र कार्यान्वयनमा ल्याउन लागि निरन्तर सहयोगको अपेक्षा गरेको छु। आवश्यक सल्लाह साथै सुझावको लागि समेत विनम्र अनुरोध छ ।

..................

**काजीमान राई**
**प्रमुख प्रशासकीय अधिकृत**
चुलाचुली गाउँपालिका, चुलाचुली, इलाम
२०७७।०८।३०

# प्रतिबद्धता

चुलाचुली गाउँपालिकाले बालबालिकाहरूलाई जिम्मेवार बनाउने महान कार्यको थालनी गरेको सबैमा सर्वविदितै छ । राष्ट्रिय प्राथमिकतामा रहेको बालमैत्री स्थानीय शासन कार्यक्रमको सामुहिक प्रतिवद्धतासहित बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ मा समावेश गरिएका २७ वटा सेवा प्रवाह सम्बन्धी सूचक र १२ वटा संस्थागत सूचकहरूलाई न्यूनतम सूचकको रूपमा लिई उक्त सूचकहरू प्राप्तिको दिशामा योजनावद्ध रूपमा यात्राको थालनी गरेकोछ । २०७८ साल वैशाख मसान्तभित्र बालमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष्य प्राप्त गर्न वडाको पूर्ण प्रतिबद्धता रहेकोछ । वडामा रहेका बालबालिका र उनीहरुको अवस्थाको यकिन हुन जरुरी हुन्छ । गाउँपालिकामा रहेका ६ वडा मध्ये वडा नं.४ लाई दोस्रो चरणमा बालमैत्री घोषणा गर्ने अभिप्राय रहेकोछ ।

बालमैत्री स्थानीय तह चुलाचुलीका लागि थप अर्को खुड्किलो पार गराउन वडा नं.४ वडालाई प्राथमिकतामा राखिएको छ । बालमैत्री स्थानीय शासनसम्बन्धी कार्य थालनीको लागि पनि बालबालिकाहरूको बर्तमान अवस्था यकिन गर्न आवस्यकता भएकाले बालकालिकाको बस्तुगत विवरण बनाइएको हो । बाल बचाउ, बालसंरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सवालहरूको अवस्था पहिचान र लेखाजोखा गरी प्राप्त परीणामलाई सुधार गर्न स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रकृया र व्यवहारमा संस्थागत गर्नका लागि योजनावद्ध रूपमा बालबालिकामा लगानिको वातावरण तयार गर्न बस्तुगत विवरण २०७७ ले सहयोग पुऱ्याउने छ । बस्तुगत विवरणबाट बालबालिकाहरूको क्षेत्रमा देखापरेका समस्या तथा सवालहरूलाई सुधार गर्न सरोकारवालाहरू सबैले अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी सोको कार्यान्वयन गर्न आवस्यक हुन्छ । गाउँपालिकाको अगुवाईमामा तयार गरिएको यस दस्तावेजले चुलाचुली गाउँपालिकाको वडा नं.४ लाई बालमैत्री वडा बनाउन र भविष्यमा योजनावद्ध कार्यमा समेत उपयोगी हुनेमा विश्वाश गरिएकोछ ।

चुलाचुली गाउँपालिकालाई प्रदेश नं.१ को बालमैत्री गाउँपालिकाको रूपमा पहिचान दिने उद्देश्यका साथ तयार गरिएको बालबालिकाको वस्तुगत विवरण तयारीको लागि गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, वडासदस्यहरू,विषयगत शाखा, बालमैत्री स्थानीय शासन वडा समिति, वडा सचिव कोपीला दुलाल, वडावासीहरू, सरोकारवालाहरूको सञ्जाल, गणकहरू र बस्तुगत विवरण कार्यमा प्राविधिक सहयोग गर्नु हुने स्माइल नेपाल संस्थाप्रति समेत आभार प्रकट गर्दछु । बस्तुगत विवरणबाट बालबालिकाको क्षेत्रमा सुधार गर्नु पर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गरेको छु । निरन्तर सल्लाह र सुझाव दिन हुन सबैमा विनम्र अनुरोध छ ।

.....................

**कालीदास भट्टराई**

**वडा अध्यक्ष**

४ नं. वडा कार्यालय

चुलाचुली गाउँपालिका, चुलाचुली, इलाम

२०७७।०८।३०

## प्रतिबद्धता

चुलाचुली गाउँपालिकाले बालबालिकाहरूलाई जिम्मेवार बनाउने महान कार्यको थालनी गरेको सबैमा सर्वविदितै छ । राष्ट्रिय प्राथमिकतामा रहेको वालमैत्री स्थानीय शासन कार्यक्रमको सामुहिक प्रतिवद्धतासहित बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ मा समावेश गरिएका २७ वटा सेवा प्रवाह सम्बन्धी सूचक र १२ वटा संस्थागत सूचकहरूलाई न्यूनतम सूचकको रूपमा लिई उक्त सूचकहरू प्राप्तिको दिशामा योजनावद्ध रूपमा कार्य थालनी गरेकोछ । २०७८ साल वैशाख मसान्तभित्र बालमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष्य प्राप्त गर्न वडाको पूर्ण प्रतिबद्धता रहेकोछ । बालमैत्री स्थानीय शासन युक्त स्थानीय तह घोषणा पूर्व सर्बप्रथम आफ्नो अवस्थाको यकिन हुन जरुरी हुन्छ । गाउँपालिकामा रहेका ६ वडाहरू मध्ये वडा नं. ५ वडालाई दोस्रो चरणमा बालमैत्री घोषणा गर्ने अभिप्राय रहेकोछ ।

बालमैत्री स्थानीय तह चुलाचुलीका लागि थप अर्को खुड्किलो पार गराउन वडा नं.५ वडालाई प्राथमिकतामा राखिएको छ । बालमैत्री स्थानीय शासनसम्बन्धी कार्य थालनीको लागि पनि बालबालिकाहरूको बर्तमान अवस्था यकिन गर्न आवस्यकता भएकाले बालकालिकाको बस्तुगत विवरण बनाइएको हो । बाल बचाउ, बालसंरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सवालहरूको अवस्थाको पहिचानल र लेखाजोखा गरी प्राप्त परीणामलाई सुधार गर्न स्थानीय निकायको नीति, संरचना, प्रणाली, कार्य प्रकृया र व्यवहारमा संस्थागत गर्नका लागि योजनावद्ध रूपमा बालबालिकामा लगानिको वातावरण तयार गर्न बस्तुगत विवरण २०७७ ले सहयोग पुग्ने। बस्तुगत विवरणबाट बालबालिकाहरूको क्षेत्रमा देखापरेका समस्या तथा सवालहरूलाई सुधार गर्न सरोकारवालाहरूबाट योजना तयार र कार्यान्वयन गर्नु आवश्यक हुन्छ । गाउँपालिकाको अगुवाईमामा तयार गरिएको यस दस्तावे आशा लिएको छु । चुलाचुली गाउँपालिकाको वडा नं.५लाई बालमैत्री वडा बनाउन र भविष्यमा योजनावद्ध कार्यमा समेत उपयोगी हुनेछ ।

चुलाचुली गाउँपालिकालाई प्रदेश नं.१ को बालमैत्री गाउँपालिकाको रूपमा पहिचान दिने उद्देश्यका साथ तयार गरिएको बालबालिकाको वस्तुगत विवरण तयारीको लागि गाउँपालिका अध्यक्ष,उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत,वडासदस्यहरू, विषयगत शाखा, बालमैत्री स्थानीय शासन वडा समिति, वडा सचिव पदम पौड्याल, वडावासीहरू, सरोकारवाला, गणकहरू र बस्तुगत विवरण कार्यमा प्राविधिक सहयोग गर्नु हुने स्माइल नेपाल संस्थाप्रति समेत आभार प्रकट गर्दछु । बस्तुगत विवरणबाट बालबालिकाको क्षेत्रमा सुधार गर्नु पर्ने कार्यमा सहयोगको पुऱ्याउनका लागि आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गरेको छु । साथै आवश्यक सल्लाह र सुझाव दिन हुन सबैमा विनम्र अनुरोध छ ।

......................
**चन्द्र थापा**
**वडा अध्यक्ष**
५ नं. वडा कार्यालय
चुलाचुली गाउँपालिका, चुलाचुली, इलाम
२०७७।०८।३०

## प्रतिबद्धता

चुलाचुली गाउँपालिकाले बालबालिकाहरूलाई जिम्मेवार बनाउने महान कार्यको थालनी गरेको सबैमा सर्बविदितै छ । राष्ट्रिय प्राथमिकतामा रहेको वालमैत्री  स्थानीय शासन कार्यक्रमको सामुहिक प्रतिवद्धतासहित बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ मा समावेश गरिएका २७ वटा सेवा प्रवाह सम्बन्धी सूचक र १२ वटा संस्थागत सूचकहरूलाई न्यूनतम सूचकको रूपमा लिई सूचकहरू प्राप्तिको दिशामा योजनावद्ध रूपमा कामको थालनी गरेकोछ । २०७८ साल वैशाख मसान्तभित्र बालमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष्य प्राप्त गर्न वडाको पूर्ण प्रतिबद्धता रहेकोछ । गाउँपालिकामा रहेका ६ वडाहरू मध्ये वडा नं.६ वडालाई दोस्रो चरणमा बालमैत्री घोषणा गर्ने अभिप्राय रहेकोछ ।

बालमैत्री स्थानीय तह चुलाचुली बनाउन वडा नं.६लाई प्राथमिकतामा राखिएको छ । बालमैत्री स्थानीय शासनसम्बन्धी कार्य थालनीको लागि पनि बालबालिकाहरूको बर्तमान अवस्था यकिन गर्न आवस्यक भएकाले बालकालिकाको बस्तुगत विवरण बनाइएको हो । बाल बचाउ, बालसंरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सबैलाहरू पहिचान र लेखाजोखा गरी प्राप्त परिणामलाई सुधार गर्न स्थानीय निकायको नीति, संरचना, प्रणाली, कार्य प्रकृया र व्यवहारमा संस्थागत गर्नका लागि योजनावद्ध तवरले बालबालिकामा लगानिको वातावरण तयार गर्न बस्तुगत  विवरण २०७७ ले सहयोग पुऱ्याउने छ । बस्तुगत विवरणबाट बालबालिकाहरूको क्षेत्रमा देखापरेका समस्या तथा सवालहरूलाई सुधार गर्न सरोकारवालाहरू सबैले अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नु आवस्यक हुन्छ । चुलाचुली गाउँपालिकाको अगुवाईमा तयार गरिएको बालबालिबाको वस्तुगत विवरणले गाउँपालिका र वडा नं. ६ लाई बालमैत्री वडा बनाउन र भविष्यमा  योजनावद्ध बालबालिकाको क्षेत्रमा कार्य गर्न समेत  उपयोगी हुनेछ ।

चुलाचुली गाउँपालिकाको वडा नं.६ लाई पद्रदेश नं. १ को बालमैत्री वडाको रुपमा पहिचान दिने उद्देश्यका साथ तयार गरिएको बालबालिकाको वस्तुगत विवरण तयारीको लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा सदस्य योगनाथ दाहाल,वडा सदस्यहरु, विषयगतशाखा, बालमैत्री स्थानीय शासन वडा समिति, वडा सचिव डिल्लीराम ढुंगेल, वडावासीहरू, सरोकारवालाहरू, गणकहरू र बस्तुगत विवरण कार्यमा प्राविधिक सहयोग गर्नु हुने स्माइल नेपालप्रति समेत आभार प्रकट गर्दछु । बस्तुगत विवरणबाट बालबालिकाको क्षेत्रमा सुधार गर्नु पर्ने कार्यमा सहयोगको  पुऱ्याउनका लागि आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गरेको छु । साथै आवश्यक सल्लाह र सुझाव दिन हुन सबैमा विनम्र अनुरोध छ ।

.....................

**हेमन्त राई**<br>
**वडा अध्यक्ष**<br>
६ नं. वडा कार्यालय<br>
चुलाचुली  गाउँपालिका, चुलाचुली, इलाम<br>
२०७७।०८।३०

दर्ता नं. २६७४/०७३/७४ जि. प्र. का. झापा पान नं. ६०६०१०२५०

# स्माइल नेपाल

# Smile Nepal

**कार्यालय भद्रपुर -१०,झापा**

**प्रदेश नं.१, नेपाल**

Email: smilenepal2073@gmail.com

प.सं :०७७/०७८

च.नं.

मिति :-२०७७।०८।२९

---

चुलाचुली गाउँपालिकाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ ले निर्देश गरेका सेवा प्रवाह र संस्थागत सूचकहरूको अवस्था सुधार गर्न आफ्नो नीति, योजना, व्यवहार र कार्यप्रक्रियामा बाल अधिकारका मागहरूलाई सम्वोधन गर्न वजेट विनियोजन गरी बालबालिकाहरूको चौतर्फी विकास गर्ने राष्ट्रिय अभियानको अवलवम्वन गर्ने प्रतिबद्धता गरेको छ । बालबालिकाहरूलाई अवसर दिई चौतर्फि विकासको माध्यबाट पहिलो चरणमा गाउँपालिका वडा नं. ४,५ र ६ लाई बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तहका रूपमा घोषणा गरी बाल अधिकार सुनिश्चित गर्न बालबालिकाको अवस्थाको यकिन हुन आवश्यक हुन्छ । वडा नं. ४,५ र ६ क्षेत्रमा रहेका सम्पूर्ण बालबालिका र उनीहरूको अवस्थाको पहिचान गर्न घरधुरी सर्भेक्षण गरी सोही आधारमा बालबालिकाको वस्तुगत विवरण तयारी गरिएकोछ । बालबालिकाहरूको बीचारको सुनुवाई र प्राथमिकतामा राखी बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने कार्यमा पहिलो पटक प्रकाशन गरिएको छ ।बालबालिकाको बस्तुगत विवरणको उपयोगमा ल्यायी गाउँपालिका र वडाका बालबालिकाहरूको अवस्था सुधारका उपायहरू अवलम्वन गर्न सहयोग पुग्ने छ ।

बालबालिकाको वस्तुगत विवरण तयार गर्न चुलाचुली गाउँपालिकाको आर्थिक सहयोगमा स्माइल नेपाल झापालाई प्राविधिक सहयोग गर्ने अवसर प्रदान गरिएकोमा संस्था आभार प्रकट गर्दछ । बालबालिकाको बस्तुगत विवरण निर्माण कार्यमा आवश्यक सूचनाका साथै अमूल्य समय दिई सहयोग गर्नु हुने सबै धन्यवादका पात्र हुनुहुन्छ । चुलाचुली गाउँपालिकाले प्रकाशित गरेको तीन वटा वडाको बालबालिकाको बस्तुगत विवरण सफलताको श्रेय सम्पूर्ण चुलाचुली गाउँपालिकाका र ४, ५ र ६ नं. वडावासीहरूको नैं रहनेछ । चुलाचुली गाउँपालिकाका अध्यक्ष प्रदिपचन्द्र राई, उपाध्क्ष निर्मला दहाल, प्रमुख प्रशासकीय अधिकृत काजीमान राई, ४ नं. वडा अध्यक्ष कालीदास भट्टराई, ५ नं. वडा अध्यक्ष चन्द्र थापा, ६ नं. वडा अध्यक्ष हेमन्त राई, वडा सदस्य योगनाथ दाहाल, विषयगत शाखा प्रमुख ज्यूहरू तेजेन्द्र चापागाई, रामप्रसाद मिश्र,रिता पोखेल,तिर्थराज खरेल, बालमैत्री स्थानीय शासन गाउँ समिति पदाधिकारीहरु,राजनीतिकदल, वडा सचिव ज्यूहरू, समाजसेवी, शिक्षक, बालक्लव, गणक समेतमा आभार प्रकट गर्दछौं । चुलाचुली गाउँपालिकाको बस्तुगत विवरण तयारी कार्यमा संस्थाको तर्फबाट संयोजन गर्ने निर्देशक गोपाल लिम्बु र चुलाचुली गाउँपालिकाको बस्तुगत विवरण तयारीका लागि सम्पूर्ण समय खर्च गर्नु हुने सुमन ढकाल प्रति विशेष आभार प्रकट गर्दै प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नुहुने सबैमा धन्यवाद प्रकट गर्दछौं ।

**स्माइल नेपाल**

**Smile Nepal, झापा**

# विषय सूचि :

**इकाई-एक, *गाउँपालिकाको परिचय***

| | | |
|---|---|---|
| १.१ | गाउँपालिका परिचय | १३ |
| १.२ | हावापानी, भू-उपयोग | १४ |
| १.३ | ऐतिहासिक पृष्ठभूमि तथा विशेषता | १४ |
| १.४ | चुलाचुलीको आर्थिक अवस्था | १४ |
| १.५ | चुलाचुलीको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था | १४ |
| १.६ | सामाजिक अवस्था | १५ |
| १.७ | विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू | १५-१६ |

**इकाई-दुई, *बालमैत्री स्थानीय शासनको अवधारणा***

| | | |
|---|---|---|
| २ | बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र | १७ |
| २.१ | बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता | १७-१८ |
| २.२ | विद्यमान ऐन नियममा बालबालिकासम्बन्धी भएको व्यवस्था | १८-२१ |
| २.३ | वडा र गाउँपालिकास्तरीय योजनामा बालबालिका सम्बन्धी कार्यक्रमहरू | २१ |
| २.४ | बाल समूह वा बाल क्लवहरू | २२ |
| २.५ | बालमैत्री स्थानीय तहको अवधारणा र प्रतिवद्धता | २२ |
| २.६ | बालमैत्री स्थानीय शासनको सिद्धान्त | २२ |
| २.७ | बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता) | २३-२४ |
| २.८ | बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरू | २४-२५ |
| २.९ | बालमैत्री सुशासनयुक्त स्थानीय तह स्थापनाका लागि अवसर सम्भावनाहरू | २५-२६ |

**इकाई-तीन, *जनसंख्या***

| | | |
|---|---|---|
| ३.१ | उमेरगत जनसङ्ख्या | २७-२८ |
| ३.२ | वसाई सराई सम्बन्धी विवरण | २८ |
| ३.३ | जातिगत घरधुरी विवरण | २८-२९ |
| ३.४ | मातृभाषा सम्बन्धी विवरण | २९ |
| ३.५ | धार्मिक संलग्नता सम्बन्धी विवरण | २९ |
| ३.६ | जनसङ्ख्या वृद्धिदर | २९-३० |
| ३.७ | जन्म दर्तासम्बन्धी विवरण | ३० |
| ३.८ | बाल विवाहको अवस्था | ३०-३१ |
| ३.९ | परिवार सङ्ख्या र प्रतिपरिवार औसत बालबालिका सङ्ख्या | ३१ |

**इकाई-चार, *बाल तथा मातृ स्वास्थ्य***

| | | |
|---|---|---|
| ४.१ | सुरक्षित मातृत्व कार्यक्रम | ३२ |
| ४.२ | खोपसम्बन्धी विवरण | ३२-३३ |
| ४.३ | बालबालिकाको पोषणको स्थिति | ३३ |
| ४.३.१ | छ महिनासम्म आमाको स्तनपान खाने बालबालिकाको विवरण | ३३ |
| ४.३.२ | बालबालिकाको नियमित तौल | ३४ |
| ४.४ | बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरू | ३४ |
| ४.४.१ | बाल स्वास्थ्य | ३४ |
| ४.५ | परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण | ३४ |
| ४.६ | प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको जाँच | ३५ |
| ४.७ | दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण | ३५ |
| ४.८ | भिटामिन र जुकाको औषधि खुवाएका बालबालिकासम्बन्धी विवरण | ३५ |
| ४.९ | आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवारसम्बन्धी विवरण | ३६ |
| ४.१० | चर्पी र सरसफाईसम्बन्धी विवरणम | ३६ |
| ४.११ | सावुन पानीको प्रयोग | ३६ |
| ४.१२ | खानेपानीको स्रोत तथा उपलव्धतासम्बन्धी विवरण | ३६-३७ |
| ४.१३ | बालबालिका बिरामी हुदा समयमा उपचार गर्ने क्षमता | ३७ |

४.१४ बाल अधिकार सम्बन्धी जानकारी ३७-३८
४.१५ निर्णय प्रक्रियमा बालबालिकाको सहभागिता ३८
४.१६ बाल खोप सम्बन्धी जानकारी ३८
**इकाई-पाँच,*शैक्षिक अवस्था***
५.१ साक्षरता विवरण ३९
५.१.२ शैक्षिक जनशक्ति विवरण ३९
५.२ शैक्षिक संस्थाको विवरण ३९-४०
५.३ तहगत विद्यार्थी विवरण ४०
५.४ विद्यार्थी भर्ना दर ४०-४१
५.५ बीचैमा विद्यालय छोड्ने सङ्ख्या र कारण ४१
५.६ छात्रवृत्ति सम्बन्धी ४१
५.७ तहगत रूपमा शिक्षक सम्बन्धी विवरण ४१
५.८ शिक्षकको तालिमसम्बन्धी विवरण ४१
५.९ विद्यार्थी र शिक्षक अनुपात ४१-४२
५.१० विद्यालयको भौतिक संरचना (खानेपानी,शौचालय,खेलमैदान र भवन) ४२
५.११ विद्यालय जान लाग्ने समय ४२-४३
५.१२ बाल विकास केन्द्रको विवरण ४३
**इकाई-छ, *बाल संरक्षण***
६ बाल संरक्षण ४४
६.१ द्वन्द्व पीडित तथा जोखिममा परेका बालबालिकासम्बन्धी विवरण ४४
६.२ विस्थापित बालबालिकासम्बन्धी विवरण ४४
६.३ बालश्रमिक सम्बन्धी विवरण ४४
६.४ भिन्न क्षमता भएका बालबालिका लागि अनुकुलका संरचनाहरू ४५
६.५ बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी विवरण ४५
६.६ सडक बालबालिकाको विवरण ४५
६.७ कुलतमा लागेका बालबालिकाको विवरण ४५-४६
६.८ मृत्यु हुने बालबालिकाको विवरण ४६
६.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवति र बालबालिका ४६
६.१० संस्थागत हेरचारमा रहेका बालबालिकाहरू ४६
६.११ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण ४६-४७
६.१२ घरको विवरण ४७
६.१३ घर भन्दा अलग्गै घर र छुट्टै सुत्ने कोठा ४७
६.१४ बालबालिकाको सहभागिता सम्बन्धी विवरण ४८
***इकाई-सात, आर्थिक विकास***
७.१ पेशा तथा रोजगारीको अवस्था ४९
७.२ युवा रोजगारीसम्बन्धी विवरण ४९
७.३ रोजगारीका लागि विदेशमा गएकाहरूको विवरण ४९-५०
७.४ दैनिक कार्य घण्टा विवरण (महिला, पुरुष) ५०
७.५ खाना पकाउन प्रयोग गरिने इन्धन ५०
७.६ खाना पकाउन प्रयोग हुने चुल्लोको विवरण ५१
७.७ सञ्चार साधानको प्रयोग र पहुँच ५१
७.८ मानवीय जनशक्ति निर्माणका लागि तालिम र क्षमता विकास ५१-५२
७.९ संस्थागत सहभागिता ५२
७.१० आम्दानी र खर्च ५२
७.११ ऋण र उद्देश्य ५२-५३

***इकाई-आठ प्रकोप तथा शान्ति सुरक्षा***
८.१ प्रकोप सम्बन्धी विवरण र क्षतिको अवस्था ५४

| | | |
|---|---|---|
| ८.२ | बाल अपराधको विवरण | ५४ |
| ८.३ | भिन्न क्षमता भएका बालबालिका सम्बन्धी विवरण | ५४ |

**सन्दर्भ सामग्री** ५५

| | |
|---|---|
| बालबालिकाको उमेरगत विवरण तालिका :१ | ५६ |
| वयस्कहरूको उमेरगत विवरण तालिका :२ | ५६ |
| पेशा व्यवसायमा संलग्नताको विवरण तालिमा :३ | ५६ |
| वसाई सराई सम्बन्धि विवरण तालिका :४ | ५६ |
| जन्मदर्ता सम्बन्धि विवरण तालिका :५ | ५७ |
| बाल विवाह र कम उमेरको विवाह विवरण तालिका :६ | ५७ |
| बालबालिकाको खोप सम्बन्धी विवरण तालिका :७ | ५७ |
| बाल वृद्धि अनुगमन :८ | ५७ |
| गर्भ जाँच सम्बन्धी विवरण तालिका :९ | ५७ |
| भिटामिन ए,जुकाको औषधि र पोलियो थोपा सम्बन्धी विवरण तालिका :१० | ५८ |
| शौचालय सम्बन्धी विवरण तालिका :११ | ५८ |
| खानेपानी सम्बन्धी विवरण तालिका :१२ | ५८ |
| बालबालिकाको उपचार गर्ने क्षमता,बाल अधिकारको जानकारी,निर्णयमा सहभागिता,बालरोग सम्बन्धी विवरण तालिका :१३ | ५८ |
| शैक्षिक जनशक्ति सम्बन्धि विवरण तालिका :१४ | ५९ |
| बालबालिकाले भोगेका समस्या ,भेदभाव र दण्ड सम्बन्धी विवरण तालिका:१५ | ५९ |
| बालबालिकाले विजाई गरेमा दिईने सजाय सम्बन्धी विवरण तालिका :१६ | ५९ |
| खाद्य निर्भरता सम्बन्धी विवरण तालिका :१७ | ५९ |
| घर सम्बन्धी विवरण तालिका :१८ | ६० |
| खाना पकाउन प्रयोग गरिने इन्धन र चुल्हो सम्बन्धी विवरण तालिका :१९ | ६० |
| स्थानीय संघसंस्थामा सहभागिता सम्बन्धि विवरण तालिका:२० | ६० |
| महिला र पुरुषको कामको बाँडफाँड सम्बन्धी विवरण तालिका :२१ | ६० |
| भिन्न क्षमता ( शारीरिक विकलङ्गता) भएका बालबालिका सम्बन्धी विवरण तालिका :२२ | ६१ |
| कक्षागत विद्यार्थी विवरण तालिका ::२३ | ६२ |
| बस्तुगत विवरणका लागि सूचना संकलन गर्न प्रयोग गरिएको घरधुरी सर्भेक्षण फारम | ६३-७० |

# इकाई -एक

## १. परिचय

### १.१ गाउँपालिकाको भौगोलिक अवस्थिति

चुलाचुली गाउँपालिका प्रदेश नम्बर एक अन्तर्गत इलाम जिल्लामा पर्दछ । नेपालको सङ्घीय संरचना पछि साविक चुलाचुली र साक्फारा गाउँ विकास समिति मिलाएर २०७३ सालमा गाउँपालिकाको निर्माण गरिएको हो । ६ वटा वडामा विभाजन गरिएको चुलाचुली गाउँपालिकाको १०८.४६ वर्ग कि.मि.क्षेत्रफल रहेको छ । गाउँपालिकाको पूर्वमा माई नगरपालिका, पश्चिममा मोरङ जिल्ला, उत्तरमा माङसेवुङ गाउँपालिका र दक्षिणमा जिल्लासँग सिमाना जोडिएको छ । चुलाचुली गाउँपालिकालाई पूर्व पश्चिम राजमार्ग छोएको छ । गाउँपालिकाका सबै वडामा कच्ची सडकको पहुँच रहेको छ ।

साविक चुलाचुली गाउँ विकास समितिका ९ वडाहरूबाट १ देखि ५ वडा र साक्फारा गाउँ विकास समितिका नौ वडाबाट एउटा भई ६ नं. वडामा समायोजन भएको छ । चुलाचुली गाउँपालिको ४ देखि ६ नम्बर वडाको बालबालिकाको वस्तुगत विवरण तयारीका क्रममा यहाँ तीन वडाको भौगोलिक विवरणतथा क्षेत्रफललाई विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा | साविक गा.वि.स. र वडा | क्षेत्रफल | सिमाना |
|---|---|---|---|
| ४ | चुलाचुली गाउँ विकास समितिका १ र २ | ६.१२ | चुलाचुली गाउँपालिकाको वडा नं.५ र ६,माई नगरपालिका, माङसेवुङ र झापा जिल्ला |
| ५ | चुलाचुली गाउँ विकास समितिका ३ र ४ | १२.७२ | चुलाचुली गाउँपालिकाको वडा नं.४ र ३,माई नगरपालिका |
| ६ | साक्फारा गाउँ विकास समितिका १ देखि ९ वडा | ३७.९३ | चुलाचुली गाउँपालिकाको वडा नं.२,३ र ४, मोरङ र पाँचथर जिल्ला |

समथर र पहाडी भुभाग क्षेत्रमा रहेको गाउँपालिकामा भू-उपयोगको अवस्थामा अधिकांश भूभाग कृषी क्षेत्रले ओगटेको छ । जङ्गल र चुरे डाँडाहरूको अवस्थितिले गाउँपालिका पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न प्रशस्त संभावनाहरू रहेका छन् । चुलाचुली गाउँपालिमा रहेको कुल २१६३४ जनसंख्या रहेको गाउँपालिकाको प्रोफायलले देखाएको छ । बालबालिकाको वस्तुगत विवरण तयारीका लागि गरिएको घरधुरी सर्भेक्षण २०७६ र २०७७ अनुसार महिला ११,९८३ र पुरुष १२,५०० समेत २४,४८३ जनसंख्या रहेकोछ । चुलाचुली गाउँपालिकाका ६ वटै वडाको घरधुरी र जनसङ्ख्या विवरण तालिकामा समावेश गरिएको छ ।

**बालबालिकाको बस्तुगत विवरण २०७६ र २०७७ अनुसार चुलाचुली गाउंपालिकाको जनसंख्या**

| वडा नं. | जातिगत घरधुरी | | | | जनसंख्या | | | बालबालिका | | जम्मा | बालबालिकाको हिस्सा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जनजाति | पछाडि पारिएको | अन्य | जम्मा | महिला | पुरूष | जम्मा | बालिका | बालक | | |
| १ | ७५० | ४५ | २७० | १०६५ | २६०० | २७२८ | ५३२८ | ७९४ | ८४० | १६३४ | ३०.७ |
| २ | ५३१ | ४२ | २७८ | ८५१ | २२३५ | २२१२ | ४४४७ | ७७४ | ६१८ | १३९२ | ३१.३ |
| ३ | ७५७ | ३४ | १५० | ९४१ | २१४७ | २२४७ | ४३९४ | ६४८ | ६७१ | १३१९ | ३०.० |
| ४ | ५९६ | ६० | १०४ | ७६० | १६१६ | १७१२ | ३३२८ | ४७९ | ५२३ | १००२ | ३०.१ |
| ५ | ३६६ | ७७ | १६९ | ६१२ | १४८७ | १५७१ | ३०५८ | ४४७ | ४८६ | ९३३ | ३०.५ |
| ६ | ५७६ | ६९ | १३४ | ७७९ | १८९८ | २०३० | ३९२८ | ५८७ | ५६८ | ११५५ | २९.४ |
| जम्मा | ३५७६ | ३२७ | ११०५ | ५००८ | ११९८३ | १२५०० | २४४८३ | ३७२९ | ३७०६ | ७४३५ | ३०.४ |
| वडा नं ४,५,६को | १५३८ | २०६ | ४०७ | २१५१ | ५००१ | ५३१३ | १०३१४ | १५१३ | १५७७ | ३०९० | |

### १.२ हावापानी तथा भू-उपयोग

चुलाचुली गाउँपालिकाको अधिकांश क्षेत्रमा उष्ण हावापानी रहेको छ । वर्षा याममा मनसुनी हावापानीबाट प्रभावित हुन्छ । ग्रिष्मकालमा गाउँपालिकाको तापक्रम ४० डिग्री सेल्सियससम्म मापन गरिएको छ । शीतकालमा १० डिग्री सेल्सियससम्म रहेको अवस्था छ । भौगोलिक सिमानाभित्र उष्ण, अर्धोष्ण र समशितोष्ण गरी तिनै प्रकारको हावापानी पाइन्छ ।

### १.३ चुलाचुली गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी तथा विशेषता

नामाकरणका हिसाबले चुलाचुलीको उत्तर क्षेत्रमा चुलाजस्ता पहाहरू भएकाले चुलाचुली रहेको भन्ने कथन रही आएको छ । साबिकका चुलाचुली गाउँ विकास समितिमा चुलाचुली गाउँपालिकाको कार्यालय, ईलाका प्रहरी कार्यालय, स्वास्थ्य चौकी, ईलाका हुलाक कार्यलय, आर्युर्वेद औषधालय, कृषी कार्यालय, पशु सेवा कार्यलय रहेको छ । ४,५,६ वडाहरु पहाडी क्षेत्र बढी रहेकाले अन्य वडाको तुलनामा विकासका आधारभूत पक्षमा केही पछि रहेएको छ ।

### १.४ चुलाचुली गाउँपालिका वडा नं. ४,५र ६ को आर्थिक अवस्था

आर्थिक अवस्था भने सामान्य र मध्य किसिमको रहेको छ । चुलाचुली गाउँपालिका वडा नं.४ देखि ६ वडामा रहेका अधिकांश मानिस व्यवसायमा नैं निर्भर रहेका छन् । मानिसहरूको मुख्य पेशा कृषी हो । अधिकाङ्श मानिसहरूले धान,मकै,कोदो,दालहन र नगदे वालीहरूमा अदुवा,अम्लिसो,तरकारी खेती,पशुपालनमा गाई बाखा र बंगुर पालन प्रमुख रहेका छन् । गाउँपालिकाको कृषी र पशुपालन व्यवसायले व्यवसायिकता पाउदै गएको अवस्था छ । वडा भित्र साना उद्यम व्यवसाय पनि सञ्चालनमा आउन थालेका छन् ।

स्थानीय डाँडाकाडा र पोखरीहरूको व्यवस्थापन गरी चुलाचुलीमा गाउँपालिकामा रहेको पर्यटकीय क्षेत्रको विकास तथा प्रर्बद्धन गरी प्राकृतिक सम्पदाहरूको प्रचार र प्रसार गरी पर्यटनका अलवा मनोरञ्जन स्थलहरूको निर्माण गरी पर्यटन व्यवसायलाई विस्तार गरी आर्थिक पक्ष सबल गर्ने प्रशस्त सम्भावना रहेको छ ।

शैक्षिक वेरोजगार हुनेको सङ्ख्या बढी छ । वैदेशिक रूपमा जानेहरूले कमाएको पैसा वाहृय शहर-बजारमा नै लगानी गर्ने गर्दछन् । सीपमूलक तालिम,होमस्टे संचालन, विभिन्न वेमौसमी तरकारी खेतीलाई व्यवसायिक बनाउन ४,५,६ वडाका बासिन्दाहरूको आर्थिकस्तर वृद्धि हुने सम्भावना बढी छ । खेतीपाती, पशुपालन, व्यवसाय प्रमुख आयको श्रोत बनेको छ । सञ्चालनमा ल्याइएका खेती तथा व्यवसायलाई नै आधुनिकीकरण गरि व्यसायिकता दिनु आवश्यकता रहेको छ ।

### १.५ प्रमुख व्यबसाय तथा रोजगारीको अबस्था

चुलाचुली गाउँपालिका वडा नं. ४ देखि ६ नम्बर वडाका समुदायका वासिन्दाहरूको मुख्य पेशा कृषी, व्यापार, व्यवसाय, सेवा, नोकारी र वैदेशिक रोजगारीलाई आफ्नो जिवीकोपार्जनका निम्ति अपनाएको पाईन्छ । पशुपालन, मकै खेती, धान,तरकारी खेती नै आम्दानीको स्रोत बनेको छ । वयस्कहरूको ७३२४ जनसङ्ख्यामा ५०२७ जना व्यवसायमा सम्लग्न रहेको अवस्था छ । पेशा व्यवसायमा ६९.५९ प्रतिशत नागरिकहरु संलग्न रहेका र कृषि पशुपालन तथा फलफूल व्यवसायमा संलग्नता बढी रहेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएकोछ । तीन वटा वडाका बासिन्दाहरू विभिन्न व्यवसायमा संलग्नहरूको वडागत विवरण निम्नानुसारको तालिका ३ मा समावेश गरिएको छ ।



## १.६ सामाजिक अवस्था

गाउँपालिका क्षेत्रभित्र आङथुपो,इदिङ्गो,आङदेम्बे,केरुङ,जवेगु,चेम्जोङ,तुम्रोक,लावती,थेवे,पन्दाक,लिभाङ,लिङदेन,यवा, सम्बाहाम्फे,शेर्मा,याक्खा,खजुम,सुहाङ,हाङसुरुम्बा,थाम्सुहाङ,सुहाङ,योङया,इङ्गनाम,साम्बा,साँवा,फेदाक,हाङगाम,लोवा, फागो,माखिम,पदालुङ,नेम्बाङ,सुब्बा,लिम्बु,राई,देवान,तामाङ,मोत्तान,मगर,गुरुङ,भुजेल,माझी,जोगी,मुखिया,धिमाल,श्रेष्ठ समेत ४६ थर भएका जनजातिहरू रहेका छन् । गजमेर,नेपाली,विश्वकर्मा,लामगादे,दियाली, हिङमाङ,सार्की,परियार, सेन्चुरी, धमला, शंकर, दर्नाल,घतानी, तिरुवा समेत १४ थर भएका पछाडि पारिएका जातिहरू बसोबास गर्दै आएका छन्। अधिकारी,आचार्य,कार्की,खतिवडा,बाँस्कोटा,बराल,गुरागाई,घिमिरे,गौतम,चम्लागाई, बस्नेत, दाहाल,दंगाल,दुलाल,तिम्सिना,पोखेल,कटेल,खड्का,न्यौपाने,पौड्याल,भट्टराई,निरौला,लामिछाने,पुरी,गिरी,बानिया,बुढाथोकी,महरा,कुवँर,कटुवाल,खनाल,चौहान,नेपाल,सिग्देल,पराजुली,सुवेदी,प्याकुरेल,ढकाल,बोहोरा,बजगाई,भण्डारी,ओस्ती,धिताल,थापा,रिजाल,कोइराला,विष्ट,बानिया,गजुरेल,पाण्डे,मिश्र,खत्री समेत ५२ थर रहेका छन् । चुलाचुली गाउँपालिकाका ४,५ र ६ वडा नम्बरमा जम्मा ११२ थरका मानिसहरूको बसोवास रहेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ ।

तीनवटै वडामा बसोबास गर्ने जातजातिहरू विभिन्न किसिमको आ-आफ्नै धर्म, संस्कृति र परम्परा रही आएको छ । स्थानीय तहमा सामाजिक संघसंस्थाका क्रियाकलापहरूबाट महिलाहरू तथा पछाडि पारिएका वर्गको सशक्तिकरणमा सुधार हुँदै आएको छ । एक आपसमा सहयोग गर्ने वातावरण रहेको चुलाचुली गाउँपालिकाले बालबालिकाहरूलाई पहिलो प्राथमिकतामा राखी काम गर्न सुरुवात गरेको छ । जस बाट बालबालिकाको लागि लगानी गर्ने अवसर र सृजनाले बाल अधिकार सुनिश्चितताको सुरुवात हुन थालेको छ ।

## १.७ विकासका संम्भावना, अवसर, चुनौती र समस्याहरू

चुलाचुली गाउँपालिका वडा नं.४,५ र ६ मा विकासका प्रशस्त सम्भावनाहरू रहेका छन् । गाउँपालिकाका अन्य वडाहरू भन्दा तुलनात्मक रूपमा मानवीय र भौतिक विकासका पक्षमा सबैल हुने प्रशस्त सम्भावना र अवसर बोकेको छ । वडाले प्राप्त गरेको वर्तमान विकासको परीणाम र मानव सभ्यताका लागि आश्यक पर्ने आधारभूत स्वाथ्य सेवा,शिक्षा र सडक जस्ता कुराहरूको पहुँच वडामा भएकोछ । आधारभूत विकासका पक्षको क्रमिकरुपमा सुधार हुदै गरेको अवस्था छ । चौतर्फी विकासका लागि सामाजिकपक्ष,आर्थिकपक्ष,वातावरणीयपक्षको पनि सँगसँगै मानवीयपक्षको विकास गर्दै लैजान आवश्यक रहेकोछ । चुलाचुली गाउँपालिकाको ४,५ र ६ वडाको समृद्धि साथै विकासका निम्न अवसर र सम्भावनाहरू रहेका छन् ।

**<u>अवसर र सम्भावनाहरू</u>**

- व्यावसायिक रूपमा बेमैसमी तरकारी खेतीको सञ्चालन हुन सक्दछ ।
- वडाका सबै मुख्य वस्तीहरूमा मोटर बाटोको स्तर बृद्धि भएमा यातायातका साधनहरू १२ महिना आबत जाबत हुन सक्ने सम्भावना छ ।
- पशुपालन व्यवसायलाई व्यवसायिक र आधुनिकीकरण गरी नागरिकहरू जीवनस्तरमा सुधार गर्न सकिन्छ ।
- पानीको व्यवस्था गरी तरकारी खेती विस्तार गरी वडाका नागरिकहरूलाई आत्मनिर्भर गर्न सकिन्छ ।
- कृषी खेतीलाई वेमौसमी र प्रविधिमैत्री बनाई उत्पादन वृद्धि गरेमा विक्री वितरण गर्ने बजारको उचित सम्भावना रहेको छ ।
- स्थानीयस्तरमा उपलब्ध बाँस, काठबाट परम्परागत सामग्री साथै फर्निचर व्यवसाय गर्न सकिने ।
- उद्योग व्यवसायको विस्तार गरी नागरिकहरूलाई स्वरोजगारतर्फ उन्मुख गर्न सकिने ।
- वडामा रहेका वनजङ्गल र घासेचौउरहरूको सदुपयोगिता ल्यायि बाखा, गाई भैंसी पालनलाई व्यवसायिकता बनाउन सकिन्छ ।
- गाउँपालिका भित्र रहेका चुली पहाडहरूको उचित संरक्षण र प्रबर्द्धन गरी पर्यटन व्ययसायको विकास तथा विस्तार गरी आत्मनिर्भर हुने सम्भावना रहेको छ ।
- व्यवसायिक र प्रविधियुक्त शिक्षालयहरूको सञ्चालन ल्याउन सकेकोमा आम्दानीको स्रोत बन्न सक्ने अवस्था रहेको छ ।

चुलाचुली गाउँपालिका क्षेत्रमा रहेका अवसर संगै समस्याहरु रहेकाछन । जुन निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**समस्याहरू**

- चुलाचुली गाउँपालिकामा मानवीय जीवन यापन र कृषी खेती प्रणालीका लागि खानेपानी र सिञ्चाई व्यवस्था सुलभ हुन नसक्नु ।
- भौगोलिक विकटता
- प्रयाप्त खानेपानीको कमी साथै सिंचाई सुविधाको कमी
- क्षमता र सीपको कमी
- सवै स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर नहुनु
- चुलाचुली गाउँपालिकाको वास्तविक परिवेशको पहिचान र लक्ष्य विना विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गरिनु ।
- गाउँपालिकाको विकास कार्यमा सबै वर्ग र पक्षको अर्थपूर्ण सहभागिता कम हुनु ।
- गाउँपालिकामा रहेका बालबालिकाहरूको लगानी र विकास कार्यमा कम प्राथमिकतामा पर्नु ।
- विकासका पुर्वाधारहरूको प्रबन्ध नहुनु । (खानेपानी, विद्यालय, स्वास्थ्य संस्था, सडक, सेवा प्रवाह गर्ने सार्वजनिक निकायहरू )
- पूर्वपश्चिम राजमार्ग जोडिएर पनि कच्ची सडक तथा वर्खा याममा आवत जावतमा कठिनाइ सृजना हुनु ।
- बाल विकास र पुस्तकालय उचित प्रबन्ध हुन नसक्नु ।
- स्वास्थ्य सेवाको गुणस्तरमा कमी र नागरिकहरू स्वास्थ्य सुविधामा कम ध्यान दिनु ।
- आधारभूत शिक्षामा सबै बालबालिकाहरूको पहुँच हुन नसक्नु ।
- आर्थिक सम्पन्नता हुन नसकि आधारभूत सेवाहरूबाट वञ्चितिकरणमा पर्नु ।
- भिन्न क्षमता र गरीव घरपरिवारका लागि सहुलियत सेवा सुबिधा दिन नसक्नु ।
- उद्यमशिलता र गरीवी न्यूनिकरण सम्बन्धी तथा रोजगारीका लागि सीपमूलक र व्यवसाय प्रवर्द्धनमा कम ध्यान दिनु ।
- स्थानीय युवा शाक्तिको बढदो वैदेशिक पयालयनका कारण गाउँमा शक्ष जनशक्तिको अभाव हुँदै जानु ।
- कृषकहरूलाई सहज र सुलभ रूपमा ऋण उपलब्ध हुन नसक्नु ।
- गरीवविपन्न, पछाडी पारिएको तथा लोपोउन्मुख वर्ग, आदिवासी वर्गको र उनीहरूका बालबालिकाहरूको हितका लागि ठोस कार्यक्रमहरू नहुनु ।
- कृषीउपज प्रशोधन केन्द्र, तरकारी भण्डारण र चिस्यानकेन्द्र र संकलन केन्द्र विक्री केन्द्रहरूको कमी ।
- प्राकृतिक प्रकोपबाट सृजना हुने विपदहरूको व्यवस्थापन गर्न पर्याप्त पूर्वतयारी नहुनु ।
- वातावरण प्रदुषण हुँदै जानु ।
- सम्पूर्ण ग्रामीण क्षेत्रमा सडक यातायातको विकास तथा विस्तार पर्याप्तता हुन अत्याधिक धनराशी र समय आबश्यकता पर्ने ।
- आर्थिक अभावका कारण पर्यटकीय स्थानहरूको व्याबस्थापनमा कठीनाई भएको छ ।
- ग्रामिण सडक निर्माण तथा सम्वर्द्धनका लागि भौगोलिक अबस्था तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने समस्यासँग धान्न सक्ने सडक निमार्ण कार्य प्राबिधिक तथा आर्थिक रूपले चुनौतिपूर्ण छ ।
- उपलब्ध स्रोत प्रयोगका सम्बन्धमा ज्ञानको विस्तार आवश्यक छ ।
- परम्परागत मूल्य मान्यताहरूको अवसेश विद्यमान अवस्थामा पनि केही मात्रा रहनु ।
- मानवीय विकासमा लगानी गर्ने कार्यलाई कम प्राथमिकतामा राख्नु ।
- बाल क्लवको गठन र स्थानीय संरचनाहरूमा संस्थागत सहभागिता नगराउनु ।
- संविधान, ऐन, नियम, शन्धी, नीति र राष्ट्रिय प्रतिवद्धता तथा प्राथमिकताका कार्यक्रमहरू अवलम्वन गरी कार्यान्वयनमा नल्याउनु ।

# इकाई – दुई

## २. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र

नेपालको संविधान र बालबालिकाको अधिकारसम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धताको कार्यान्वय गरी स्थानीय तहसम्म बालबालिकाहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्दै बालबालिकाको अर्थपूर्ण सहभागितामा घरपरिवार, टोल, वडा र गाउँपालिकामा बालमैत्री शासनको अवलम्वनबाट बालमैत्री नेपाल बनाउन २०६८ देखि सुरु गरिएको अवधारणा हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४,बालवालिका सम्बन्धी ऐन, २०७५ र बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा बालालिकाको पक्षमा भएका नीतिगत एवम् कानूनी प्रावधान समेतलाई दृष्टिगत गरी तयार पारिएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ लाई कार्यान्वयनमा लैजाने प्रयोजनको लागि “बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८” जारी गरी कार्यान्वयनमा आएको हो । नेपालको सन्दर्भमा बालमैत्री स्थानीय शासन नयाँ सोँच एवम् अवधारणा हो ।

बाल अधिकार प्रवर्द्धनका लागि विगतमा संवैधानिक, कानूनी एवम् संस्थागत व्यवस्थाको थालनी भएको भएतापनि यस अवधारणाको कार्यान्वयन भई मूर्तरूप प्राप्त गर्न बाँकी नै छ । नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,युनिसेफ नेपाल, केन्द्रीय बाल अधिकार परिषद र केही अन्तर्राष्ट्रिय गैससहरूले बालमैत्री अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास गरे पश्चात् बालमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयनमा आएको छ । बाल बचाउ,बाल संरक्षण, विकास र बालबालिकाको अर्थपुर्ण सहभागिता हुन पाउने अधिकारलाई स्थानीय तहमा संस्थागत गर्दछ । बालबालिकाहरूका आधारभुत आवश्यकताहरू सेवा प्रवाह सम्बन्धी सुचकहरूको पुरा गर्न सेवाप्रवाह गर्ने निकायहरूले आफ्नो बानी र कार्यप्रक्रिया बालमैत्री बनाउदै लैजाने बालमैत्री स्थानीय शासनका सीमाहरू रहेका छन् ।

### २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शसान व्यवस्थाको आवश्यकता

बालमैत्री स्थानीय शासन भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास, र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सबाललाई स्थानीय निकायको नीति,संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो। यसले स्थानीय तहलाई बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनजस्ता कार्य गर्न सघाउँदछ । नेपालको कुल जनसङ्ख्यामा १८ वर्ष मुनिका बालबालिकाको अंश ४२% रहेको छ । त्यस्तै चुलाचुली गाउँपालिकाको वडा नं १ देखि ६ नं.को २४,४८३ कुल जनसङ्ख्यामा ७,४३५ जना १८ वर्ष मुनिका बाललिकाकाहरू रहेका छन् । जुन ३०.४% बालबालिकाहरूको हिस्सा रहेकोछ । वडा ४,५,६मा कुल जनसंख्यामा बालबालिकाको २९.९६ प्रतिशत हिस्सा रहेकोछ । बाल विकासमा राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रतिवद्धता व्यक्त गरेको छ ।

चुलाचुली गाउँपालिका मात्र नभई देशैभर बालबालिकाहरू केही जान्दैनन, उनीहरूले बोलेका कुरा ठिक हुदैनन् भन्ने मान्यताको संस्कारमा विस्तारै सुधार हुन थालेको छ । घरपरिवार,समुदाय र स्थानीय तहमा बालबालिकाहरूको बीचारको सुनुवाई गरी उनीहरूको अर्थपूर्ण सहभागिता गराउनसम्म सकिएको अवस्था छैन । बालबालिकाहरूको समग्र पक्षको विकासका लागि राज्यको तर्फबाट नै उनीहरूको बचावट, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चितता गर्न राज्यका शासन प्रक्रिया र संरचनामा सहभागिता गराउन अझै पनि आवश्यकता रहेको छ । समयमा बालबालिकाहरूमा लगानीको वातावरण सृजना गरी संस्थागत विकास सञ्चालनपश्चात् दक्ष जनशक्ति तयार गर्ने बालमैत्री स्थानीय शासनको कार्यान्वयन ल्याउन जरुरी हुन्छ ।

- बालमैत्री स्थानी शासनको प्रवर्द्धन र विस्तारको माध्यमबाट उनीहरूका बालमैत्री स्थानीय शासन व्यवस्थाको विकास तथा प्रवर्द्धन गर्न ।
- बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्गठनहरूको बीचमा आर्थिक तथा प्राविधिक सहयोग गर्न अनुकुल वातावरण तयार पार्न ।
- बाल अधिकारसम्बन्धि अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय नीतिहरूमा एकरूपता ल्याउन ।
- स्थानीय सरकारको कार्यप्रक्रियाहरूमा एकरूपता ल्याउन ।
- संस्थागत क्षमता तथा मानव संशाधन विकासलाई अभिवृद्धि गरी बालबालिकाले भोग्नु परेका समस्या समाधानमा नीतिगत, संस्थागत र कार्यगत प्रयास भए तापनि समन्वयात्मक, एकीकृत गर्न ।
- बालमैत्री शासन र सरकारको अवधारणा आत्मसात गर्न र समावेशीकरण उच्चतम् प्राथमिकतामा रहेको र बालबालिकाका सबालहरूलाई एकीकृत रूपमा सम्बोधन गर्न ।

- बालबालिकाको विकासका लागि कार्यरत निकायहरूलाई एकीकृत रूपमा नीतिगत एवम् संस्थागत गरी स्थानीय सेवा प्रवाह  गुणस्तरीय तवरले प्राप्त गर्ने वातावरण तयार गरी बालबालिका प्रति सबैलाई जिम्मेवार भै आ आफ्नो कर्तव्य बोध गराउन ।
- बालबालिकाहरूको अत्यावश्यक सेवाहरूको आपूर्ति गरी बाल अधिकारको संरक्षण र सम्बर्द्धन गर्न ।
- बालबालिकाहरूका लागि समयमा लगानी गरी उत्पादनशिल र दक्ष नागरिक तयार गर्न ।
- बालमैत्री स्थानीय शासनको अवलम्वन र व्यवहारिक कार्यान्वयन गर्न आवश्यक रहेको छ ।

## २.२ बालबालिकासम्बन्धी विद्यमान ऐन कानूनहरू :

***नेपालको संविधान २०७२ को धारा २९. शोषण विरुद्धको हक*** :

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण  गर्न पाइने छैन ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

***धारा ३१. शिक्षासम्बन्धी हक :***

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

***धारा ३५.स्वास्थ्यसम्बन्धी हक :***

(१)प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२)प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

(३)प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४)प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

***धारा ३९.बालबालिकाको हक :***

(१)प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२)प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३)प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४)कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५)कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६)कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७)कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८)प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९)असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०)उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**४३.सामाजिक सुरक्षा सम्बन्धी हक :**

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

**५१.राज्यका नीतिहरू**

(झ) श्रम र रोजगारसम्बन्धी नीति :

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।

**बालबालिका सम्बन्धी –२०७५**

- नाम,राष्ट्रियता र पहिचानको अधिकार
- भेदभाव विरुद्धको अधिकार
- आमा बुवासँग वस्ने र भेटघाट गर्ने अधिकार
- संरक्षणको अधिकार
  - ✓ अभिभावक,परिवार तथा संरक्षकबाट उचित संरक्षण र हेरचार पाउने
  - ✓ पालन पोषण र मायाँ प्राप्त गर्ने अधिकार
  - ✓ पालन पोषण र संरक्षणमा आमा र वुवाको समान दायित्व
  - ✓ कुनै पनि आमा वुवा र संरक्षकले छोरीछोरालाई वेवारेसी छोड्न र फ्याक्न पाइने छनै्
  - ✓ भिन्न क्षमता भएका, जोखिममा परेका वा सडक बालबालिकाहरूको सुनिश्चित भविस्यको लागि राज्यबाट विशेष संरक्षण गर्नु पर्ने
  - ✓ आमा बुवा, परिवारका सदस्य , शिक्षक र अन्य व्यक्तिबाट हुने शारीरिक, मानसिक हिंशा, यातना, अमानवीय व्यववहार, छुवाछुत र लैंगिक विभेद र शोषण विरुद्धको हक हुने
- संरक्षणको अधिकार
  - ✓ बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने
  - ✓ बालबालिकाको शिक्षामा बाधा अड्चन पुग्ने, स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानी पुग्ने कुनै पनि कामबाट सुरक्षित हुन पाउने अधिकार
  - ✓ १४ वर्ष मुनिका बालबालिकाहरूलाई जोखिम पूर्ण काममा लगाउन, घरेलु कामदार वा कमलरीको रूपमा राख्न पाइने छैन ।
- सहभागिताको अधिकार
- अभिव्यक्ति स्वातन्त्रता र सूचनाको अधिकार
- संघ संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने
- गोपनियताको अधिकार
- अपाङ्गता भएका बालबालिको विशेष अधिकार
- पोषण तथा स्वास्थ्यको अधिकार

- खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकार
- शिक्षाको अधिकार

नेपालको सविधान २०७२ मा बालबालिकाको लागि गरिएका व्यववस्थाबाहेक देहायका शन्धि तथा अभिशन्धिको नेपालले बाल अधिकार सम्बन्धी महासन्धि, १९८९; बालबालिकासम्बन्धी ऐन २०७५, बालबालिको श्रम निषेध ऐन २०५६, महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४ जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजा र सार्कलगायत अर्न्तराष्ट्रिय तथा क्षेत्रीयस्तरमा बाल अधिकारलाई प्रबर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधिन आलेखमार्फत् नागरिकहरूको आधारभूत अधिकारहरू बिषेशतः बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ।

नेपाल सरकारले अन्तराष्ट्रियरूपमा गरेका शन्धि अभिशन्धिहरूको कार्यान्वयनमा ल्यायी समतामूलक समाजको निर्माण र समृद्धिमा बालबालिकाको अधिकार प्रवद्धन गर्ने मात्र होईन कि बालबालिकाको क्षेत्रमा समयमा लगानी गरी भोलिको समुन्नत सामाजको जग वलियो बनाउन प्रत्येक स्थानीय तह वा गाउँपालिका स्तरबाट नै बालबालिकाको वाच्न पाउने, संरक्षण, विकास र अर्थपूर्ण सहभागिता हुन पाउने अधिकार सुनिश्चिततताका लागि राज्यस्तरबाट तयार गरिएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि तयार कार्यान्वयन गर्न निर्देश गरेकोछ।

बालबालिकाको विकास विना समाज र गाउँको विकास गर्न खोजिएमा त्यसको दिगोपना हुन नसक्ने कुराको अनुभूति गरी चुलाचुली गाउँपीलकामा रहेका निर्वाचित पदाधिकारीहरू, राजनीतिक दल, विद्यालय, शिक्षक, बालक्लव, स्वास्थ्य संस्था,महिला स्वास्थ्य,स्वयंसेवी,वुद्धिजिवी,समाजसेवी, स्थानीय संघसंस्था सबै सरोकारवालाहरूले स्वतस्फुर्त रूपमा बालममैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका सेवाप्रवाह र संस्थागत सूचकहरू पुरा गर्न आ–आफ्नो क्षेत्रमाबाट लागि परी बाल भावना अनुकुलको शासन प्रणाली सञ्चालन गर्न वजेट विनियोजन गर्दै २०७७ सालभित्र चुलाचुलीका गाउँपालिका ४,५ र ६ नम्बर वडालाई पहिलो चरणमा बालमैत्री स्थानीय शासनयुक्त वडाको रूपमा पहिचान दिन प्रतिवद्धतासहित बालमैत्री स्थानीय शासन अवलम्वन गरिसकेका छन्।

बाल अधिकार महासन्धि १९८९ (नेपालले १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गैरविभेदीकरण (धारा २), सर्बोत्तम हित (धारा ३), सर्बाङ्गीण विकास (धारा ६) र सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल वचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिताजस्ता क्षेत्रमा केन्द्रित हुदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।
दिगो विकास लक्ष्यलाई नेपालसहित सयुक्त राष्ट्रशंघका अन्य देशहरूले सन २०१६ देखि २०३० सम्मको समयावधि तय गरी १७ वटा लक्ष्य र १६९ वटा सीमा र २३२ वटा सूचकहरू तय गरी लागु गर्ने प्रतिवद्धता समेत गरेका छन्। बालबालिकासँग सम्बन्धित प्रत्यक्ष सम्बन्ध राख्ने देहाय बमोजिम लक्ष्यहरू रहेका छन्:२. भोकमारी अन्त्य गर्ने ३. राम्रो स्वास्थ्य ४. गुणस्तरीय शिक्षा ५. लैंगिक समानता ६. स्वच्छ खानेपानी र सरसफाई र ११ सुरक्षित गाउँ र सहर जस्ता आधारभूत कुराहरू समावेश गरिएका छन्।

बालबालिकाकासम्बन्धी राष्ट्रिय नीति २०६९ तयार गरी लागू गरिएको छ।
बालबालिकासम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२) बालबालिकासम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२) ले बालबालिकाले आफू सुहाउँदो समुदायमा आफ्ना अधिकारहरू भरपुर उपयोग गर्नेछन् र तिनीहरूको पूर्ण सामर्थ्यको उपयोग र महसुस गर्नेछन् भनी दीर्घकालीन सोच (Vision) निर्धारण गरेको छ।
बालमैत्री वातावरणको प्रवर्द्धन गर्दै बालबालिकाविरुद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गरी बालबालिकाको जीवनस्तर उच्च पार्न प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिने लक्ष्य तोकिएको छ। यस कार्ययोजनाले शिक्षा, बालविकास, स्वास्थ्य, पोषण र अन्य सम्बन्धित क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ।

“बालबालिकाहरू माथि हुने सवै प्रकारका हिंसा,दुर्व्यवहार,यातना, घरेलु हिंशामा कमी ल्याई बालबालबालिकाहरूले प्राप्त गर्नु पर्ने आधारभूत आवश्यकताहरूको परिपूर्ती गर्न उनीहरूको सहभागिताको कुरालाई मध्ये नजर गरी बालबालिकामा लगानी योजना र रणनीतिक कार्ययोजना चुलाचुली गाउँपीलकाले तयार गरिसकेको अवस्था छ । गाउँपालिकाका ४ देखि ६ नं. वडासम्म सक्रियतासाथ अगाडि बढाई आफ्नो र अन्य सहयोगी निकायहरूसँग समन्वय र सहकार्य गर्दै आफ्ना क्षेत्रमा रहेका बालबालिकहरूको समस्या समाधान गर्न लागि परेको छ । “बाल अधिकार सुनिश्चितताका लागि लागि गाउँपालिकाको योजनावद्ध रूपमा कार्य सञ्चालन गरी चुलाचुली गाउँपालिकाका ४,५ र ६ वडाले आफ्ना बालबालिका प्रति जिम्मेवारी हुन अनिवार्यता गराउदै सोको कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ ।

## २.३ वडा तथा गाउँपालिकास्तरीय योजनामा बालबालिकासम्बन्धी कार्यक्रमहरू

चुलाचुली गाउँपालिका वडा नं.४,५ र ६ को १०,३१४ कुल जनसङ्ख्या मध्ये ३०९० जना बालबालिकाहरू रहेका छन् । वडामा बालबालिका २९.९६% बालबालिकाहरू रहेका छन् । वडामा रहेको जनसङ्ख्यामा यति ठूलो हिस्सा ओगटेका बालबालिकाहरूको सर्वाङ्गीण पक्षको विकास गर्न तथा उनीहरूको हक र अधिकारको संरक्षणका लागि घरपरिवार,समुदाय र सामाजिक गतिविधिहरूमा उनीहरूको सहभागितामा मानसिक,सामाजिक, बौद्धिक,संवेगात्मक विकास गर्न समयमा योजनावद्धरूपमा कार्य गर्ने परिपाटीको थालनी गर्न आवश्यक हुन्छ । वडामा रहेका सबै जिम्मेवार व्यक्ति र निकायहरू बालबालिकाहरू प्रति संवेदनशिल रहेका छन् । बालवालिकाहरूका लागि गरिएका योजनाहरू :

- बालमैत्री स्थानीय शासन अवधारणाको अवलम्वन र वडास्तरीय अभिमूखिकरण
- सामुदायिक र संथागत विद्यालयहरूमा बालबालिकाहरूको बालक्लव गठन र परिचालन गाउँपालिका र वडाको निरन्तर सहयोग ।
- बाल अधिकारको सुनिश्चितता ।
- बाल क्लवको क्षमता विकास तालिम सञ्चालन र परिचालन
- बालविकास केन्द्र व्यवस्थापन र सञ्चालन
- बाल अधिकार वारे सचेतीकरण
- वाल विकास कक्षा शिक्षकहरूलाई बालमैत्री शिक्षण सिकाइ
- बाल संरक्षण र संबर्द्धनका लागि बालमैत्री स्थानीय शासन अभियान सञ्चालन
- बाल विवाह कमी गर्ने अभियान सञ्चानल
- बालबालिकाका लागि लगानी योजना र रणनीतिक कार्ययोजना तयारी
- अतिरिक्त क्रियाकलाप सञ्चालन
- बालबालिकाहरूलाई सम्मान र पुरस्कार
- विद्यालय शिक्षण सिकाइ सुधारका लागि सहयोग
- खोप र स्वास्थ्य सेवा आदि
- बालमैत्री आचार संहिता र बाल संरक्षण नीति तयार
- बालमैत्री अनुगमन सूचक तयार
- बाल कोष संचालन कार्यविधि तयार
- रणनीतिक कार्ययोजना तयार
- बाल कोष स्थापना
- बालस्थिति पत्र प्रतिवेदन तयारी प्रकाशन गर्ने योजना
- बाल अधिकार र बालमैत्री बानी व्यवहार प्रबर्द्धनका लागि प्रचार प्रसार

## २.४ बाल समूह वा बाल क्लवहरू

चुलाचुली गाउँपालिका वडा नं.४,५ र ६ भित्र रहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय र वडाहरू समेत बालक्लबहरू गठन भई सङ्गठित हुन थालेका छन् । बाल क्लवमा सहभागिता जनाउने ३३ जना बालबालिकाहरू रहेका छन् । विद्यालयमा आधारित बालक्लबमा सहभागी बनेको सङ्ख्याहरूमा १४ जना बालिका र ७ जना बालक

रहेका छन् । समुदायमा आधारित बालक्लवमा ६ जना सहभागिता रहेको छ । बाल अधिकारका सवालहरूमा कार्यहरू सञ्चालन भए पनि बालबालिकाहरूले नेतृत्व लिएर काम गर्न सुरुवात मात्र हुन थालेको छ । वडामा बालबालिकाहरूको बाल क्लवमा सहभागिताको अवस्था निम्नानुसारको रहेको छ ।

| वडा | बालिका | | | बालक | | |
|---|---|---|---|---|---|---|
| | स्कुलमा आधारित | समुदायमा आधारित | श्रमिक वाल क्लव | स्कुलमा आधारित | समुदायमा आधारित | श्रमिक वाल क्लव |
| ४ | ४ | ० | ० | १ | ० | ० |
| ५ | १ | १ | ० | ३ | ४ | ० |
| ६ | ९ | १ | ४ | ३ | ० | २ |
| **जम्मा** | **१४** | **२** | **४** | **७** | **४** | **२** |

## २.५ बालमैत्री  अवधारणाको अवलम्वन र प्रतिबद्धता

चुलाचुली गाउँपालिकाले २०७५ साल पौष १९ गते देखि २० गतेसम्म दुई दिने बालमैत्री अभिमूखिकरण पछि बालबालिकाको क्षेत्रमा आफ्नो पूँजीगत वजेटको आवश्यकता अनुसार विनियोजन गर्ने निर्णय गर्दै बालबालिकाको क्षेत्रमा लगानी गर्न आवश्यकता महसुश गरी कार्ययोजना तयार ग-यो । योजनावद्ध रूपमा २०७५ बाटै  बाल अधिकार र बालमैत्री स्थानीय शासनको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गऱ्यो । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ ले तय गरेका सूचकहरू पुरा गरी चुलाचुली गाउँपालिकालाई देशमा नै पहिचान दिने उद्देश्यका साथ बालबालिकाको बस्तुगत विवरण तयारीबाट  कार्य गर्न सुरुवात गऱ्यो । सरोकारवाला तथा साझेदार सहितको सहभागीतामा बालमैत्री घोषणाको लागि अभिमुखिकरण कार्यक्रमले आगामी २०७७ साल भित्र बालमैत्री घोषणा गर्ने निर्णय र कार्ययोजना तयार गर्ने काम भयो । बालबालिकाको हितका लागि कार्यक्रमको विस्तार गर्ने उद्देश्यले गाउँपालिकाका छ वडाहरू मध्ये वडा नं.४,५ र ६ लाई प्राथमिकतामा राखी बालमैत्री स्थानीय शासन अभिमूखिकरण सञ्चालन गरी गाउँपालिकाका ६ वटै वडामा बालमैत्री स्थानीय शासनसम्बन्धी अवधारणाको अभिमूखिकरणसहित बालमैत्री वडा घोषणा उन्मुख कार्ययोजनासमेत योजना तयार गरी बालबालिकाहरूको विकास कार्य प्रारम्भ गरेको छ ।

बाल अधिकार महासन्धीको अनुमोदन पछि बालबालिकाहरू प्रति राज्यलाई जवाफदेहि बनाएको छ । नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तयार हुनु आफैंमा एउटा अवसरको रूपमा रहेको छ । बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा अनुभूति गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो । बालबालिकाको क्षेत्रमा निश्चित बजेट विनियोजनका लागि बालभेलामार्फत् आएका माग र बालमैत्री स्थानीय शासनका सेवा प्रवाह र संस्थागत सूचकहरूलाई आधार मानि बजेट लगानी गर्ने चुलाचुली गाउँपालिकाले प्रतिबद्धता गरेकोछ । गाउँपालिकाको बालमैत्री स्थानीय तह घोषणा प्रतिबद्धतताका लागि वडा नं.४,५ र ६ लाई दोस्रमे चरणमा बालमैत्री वडा बनाउन अघि सारिएकोछ ।

## २.६ बालमैत्री स्थानीय शासनको सिद्धान्त

बालमैत्री स्थानीय शासन अवधारणाले बाल अधिकार र बालबालिकाको अर्थपूर्ण सहभागिता हुन पाउने अधिकारलाई स्थानीय तहको नीति, योजना, संरचना, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्नेतर्फ केन्द्रित भै कार्य गर्दछ । बालबालिकामा लगानी र विकास प्रक्रियामा उनीहरूको सार्थक सहभागिता र बालमैत्री स्थानीय शासनले तय गरेका सेवा प्रवाह र संस्थागत सूचकहरू पुरा गर्नेतर्फ नै कार्यक्षेत्र रहन्छ । बाल अधिकारको आधारभूत सिद्धान्तहरू बालबालिकाको सर्बोत्तम हित, गैरविभेदीकरण, दीर्घजीवन र सर्बाङ्गिण विकास र बालसहभागिता, समावेशीकरण, सन्नीकटता र समुदायमा आधारित विकास रहेका छन् । स्थानीय सरकारलाई आवश्यक स्रोत सामग्रीको उचित व्यबस्थापनमा सहयोग पुऱ्याउनु बालमैत्री स्थानीय शासनको प्रमुख कार्य हो । स्थानीय विकासको मुद्धाहरूमा आधारभूत आवश्यकताका सवालहरूलाई बाल बिकास र बालमैत्री शासन पद्दतिमा समाबेश गरिनु पर्दछ ।

## २.७ बाल अधिकार (बाल बचाउँ, बाल संरक्षण, बाल बिकास, बाल सहभागिता)

**बाँच्न पाउने अधिकार :**चुलाचुली गाउँपालिका वडा नं.४ देखि ६ भित्ररहेका १८ वर्ष मुनीका प्रत्येक बालबालिकालाई खाना, बास, लत्ता कपडा, औषधि, खोप तथा स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालन पोषण, स्वास्थ्यको अधिकार तथा

आराम गर्न पाउने, खेलकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार आदि रहेका छन् । बालबालिकाको बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ ले न्यूनतम् १० वटा सूचकहरू तयार गरेको छ । कम्तिमा बाल बचावटका दस सूचक पुरा गर्ने दायित्व स्थानीय तहकै हुनेछ । बाल बचावटको अधिकार पुरा गर्ने आधारभूत सूचकहरू

| क.सं | सूचकहरू |
|---|---|
| १ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान (आमाको दूध मात्रै खुवाउने) गराउनु पर्नेछ । |
| २ | पन्द्र महिनासम्मका प्रत्येक बालबालिकाहरूले पूर्ण रूपमा खोप (डिपिटी, विसिजी, हेपटाइटिस बि, हिब ३, दादुराको मात्रा) पाएका हुनु पर्नेछ । |
| ३ | ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरूले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएको हुनु पर्ने छ । |
| ४ | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनु पर्नेछ । |
| ५ | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनु पर्नेछ । |
| ६ | गर्भवती महिलाले टि.डि. विरुद्धको २ वटा खोप लगाएको हुनु पर्नेछ । |
| ७ | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनु पर्नेछ । |
| ८ | एच. आई. भी. संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरूले ARV Prophylaxis पाएको हुनु पर्नेछ । |
| ९ | सबै घरधुरीमा पिउन योग्य खानेपानीको सुविधा उपलव्ध भएको हुनु पर्नेछ । |
| १० | चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनु पर्नेछ । |

**संरक्षणको अधिकार :** बाल संरक्षणको अधिकार भित्र बालवालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, बेचविखन, ओसारपसार, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि स्थानीय तहबाट पुऱ्याइने विशेष संरक्षण, बालबालिकालाई निजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय ब्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरू रहेका छन् ।

| क.सं | सूचकहरू |
|---|---|
| १ | ५ बर्ष मुनीका सबै बालबालिकाको जन्म दर्ता भएको हुनु पर्नेछ । |
| २ | बाल विवाहको सङ्ख्यामा कमी आएको हुनु पर्नेछ । |
| ३ | निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनु पर्नेछ । |
| ४ | घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहारजस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनु पर्नेछ । |
| ५ | बाल संरक्षणसम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई सञ्चालनमा ल्याईएको हुनु पर्नेछ । |

**विकासको अधिकार :**बालबालिकाको बौद्धिक, शारीरिक, संवेगात्मक र सामाजिक पक्षको विकासका लागि शिक्षा, संरक्षकत्व र व्यक्तित्व विकासको अधिकार पर्दछ । बालबालिकासँग सम्वद्ध विषयगत क्षेत्रहरू जस्तै सार्वजनिक भौतिक सुविधा सेवाहरू, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जनस्थल, सडकपेटी आदिको उपयोगमा बालवालिकाको अधिकार सुरक्षित रहने बिषयहरू पनि विकासको अधिकारअन्तर्गत पर्दछन् ।

| क.सं | सूचकहरू |
|---|---|
| १ | ४ वर्षसम्मका बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भएको हुनु पर्नेछ । |
| २ | कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शत्%बालबालिकाहरू विद्यालय भर्ना भएको हुनु पर्नेछ । |
| ३ | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएको हुनु पर्नेछ । |
| ४ | औपचारिक शिक्षाबाट बञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनु |

| | |
|---|---|
| | पर्नेछ । |
| ५ | प्रत्येक विद्यालयमा छात्रछात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनु पर्नेछ । |
| ६ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलापसम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनु पर्नेछ । |

**सहभागिताको अधिकारः** बालबालिकाहरूको बचावट, संरक्षण र विकास मात्र गरेर हुदैन उनीहरूलाई वर्तमानमा नै साझेदार मानेर हरेक गतिविधिहरूमा उनीहरूको अर्तपूण सहभागिता गराउन पर्छ । यसका लागि बालबालिकासँग सम्बन्धित विषयको योजना तर्जुमा,कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिकालाई उमेर र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकार र बालबालिकाले अभिव्यक्त गरेको बीचारलाई निजको उमेर र परिपक्कताको आधारमा सहभागिता गर्ने विषयहरू रहेका छन् । सूचना प्राप्त गर्ने अधिकार, अन्तरक्रिया, भेटघाट एवम् संवादको अधिकार पनि सहभागिताको अधिकारअन्तर्गत पर्नेछन् ।

| क.सं | सूचकहरू |
|---|---|
| १ | स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराईएको हुनु पर्नेछ । |
| २ | स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनु पर्नेछ । |
| ३ | विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनु पर्नेछ । |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनु पर्नेछ । |
| ५ | गाउँपालिका हरेक प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनु पर्नेछ । |
| ६ | गाउँतहमा बाल संजाल गठन भएको हुनु पर्नेछ । |

उपयुक्त बचावट, संरक्षण, विकास र सहभागिताको अधिकार पुरा गर्ने सेवा प्रवाहसम्बन्धी आधारभूत २७ सूचकहरू निरन्तर रूपमा पुरा गर्न संस्थागत १२ वटा सूचकहरू समेत समावेश गएिको छ । जसमाबालमैत्री स्थानीय शासन सञ्चालन गर्न आवश्यक पर्ने सांगठनिक संरचना , नीति, कार्यक्रम, बजेट र प्रवन्धकीय व्यवस्था, मानव संसाधन विकास, कार्यप्रक्रिया र कार्यप्रणाली, साझेदार बीचको कार्यसंजाल, क्षमता अभिवृद्धिजस्ता पक्षहरू संस्थागत विकासमा रहने छन् ।

### २.८ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरू

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- जिल्ला समन्वय समिति, इलाम
- जिल्ला प्रशासन कार्यालय, इलाम
- शिक्षा विकास समन्वय इकाई, इलाम
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, इलाम
- जिल्ला स्वास्थ्य कार्यालय, इलाम
- जिल्ला बाल अधिकार समिति
- राजनीतिक दलहरू

**<u>संघसंस्थाहरू</u>**

- स्वास्थ्य व्यवस्थापन समिति
- महिला स्वास्थ्य स्वयंसविका
- सहकारी संस्थाहरू
- गाउँ तथा वडास्तरीय बाल संरक्षण समिति
- बाल अधिकार स्थानीय समिति
- निगरानी समूह
- टोल विकास संस्थाहरू
- वित्तीय संस्थाहरू
- धार्मिक संस्थाहरू

- वन उभोक्ता समिति
- बजार व्यवस्थापन समिति
- युवा क्लवहरू
- सामुदायिक र संस्थागत  विद्यालयहरू
- बाल क्लव र संजाल
- विद्यालय व्यवस्थापन समिति
- स्थानीय संघ संस्थाहरू
- शिक्षक अभिभावक संघ
- सञ्चारकर्मी

**अन्तराष्ट्रिय निकाय**

निजी तथा सामुदायिक स्थानीय संस्थाहरूसँग निरन्तर समन्वय र सहकार्य गर्न आवश्यक रहेकोछ । जसले गर्दा बालबालिकाहरूको समस्या समाधानमा सहयोग पुग्न सक्छ ।

### २.९ बालमैत्री सुशासन युक्त गाउँपालिका स्थापनाको लागि अवसर र सम्भावनाहरू

गाउँपालिकाको वार्षिक विकासको योजना छनौट र कार्यान्वयनमा भविष्यका कर्णधारका रूपमा रहेका बालबालिकाहरूलाई वर्तमानमा नै साझेदार गर्न चुलाचुली गाउँपालिकाको नेतृत्व गर्ने वर्ग सहमति हुनु राम्रो पक्ष हो । चुलाचुलीका वडा नं.४,५ र ६ मा रहेका ३०९० जना बालबालिकाहरूको वृद्धि विकासमा उनीहरूको सहभागिताको सुनिश्चितताले सुशासन हुन सक्छ भन्ने कुराको निर्धारण गर्दछ । चुलाचुली गाउँपालिकाका ३ वटा वडा भित्र रहेका विद्यालय, घरपरिवार, सार्वजनिक सरोकारका स्थल, कार्यालय तथा संघसंस्थाहरूलाई बालमैत्री बानी र संरचना निर्माण गर्न लगाउने । गरिबी न्यूनीकरण अभियानमार्फत् सम्पूर्ण स्थानीयवासीहरूको आवश्यकताको निरन्तर आपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु । प्राकृतिक र मानव निर्मित वातावरण बीचको सन्तुलन कायम गर्दै सबै प्रकारका मानवीय गतिविधिको लागि स्वच्छ एवम् बालमैत्री भौतिक वातावरणको सिर्जना गरी दिगो विकासतर्फ् उन्मुख हुन सबै पक्ष सहमत हुनु । बालबालिकाहरूका मुख्य बचावट, संरक्षण, विकास र सहभागिताजस्ता आधारभूत अधिकारहरूको संरक्षण र संवर्द्धन गर्ने । सामाजसेवी व्यापारिक लगायतका क्रियाकलापहरूको माध्यमबाट रोजगारी अभिवृद्धि गर्ने वातावरणको सिर्जना गरी गाउँको विकासमा टेवा पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ ।

बालबालिकाहरूका लागि विभिन्न सहयोगी निकाय,गैरसरकारी संस्थाको सहकार्यमा बालअधिकार र महिलासम्बन्धी सवालमा काम शुरु गरिदै आएकोछ । चुलाचुली गाउँपालिकाका तीनैवटा वडामा संस्थागत रूपमा बालबालिकाहरूको चौतर्फी विकास गर्नु पर्छ भन्ने सोचको विकास स्वयम् गाउँवासी र वडा वासीहरूबाटै कार्य थालनीको सुरुवाती चरणमा रहेकोछ। विद्यालय जान नपाएका बालबालिकालाई लक्षित गरी औपचारिक बालशिक्षा, बालविकास केन्द्र सञ्चालनका लागि अभिभावक शिक्षा, बालिका शिक्षालाई केन्द्रित गरी लैङ्गिक विभेद विरुद्ध बाल क्लव, स्थानीय संघसंस्था र गाउँपालिकाले अभियान सञ्चालन गरी काम गर्दै आएको छ । महिला र बालबालिकालाई आफ्नो अधिकारको बारेमा आवाज उठाउन सक्षम बनाउनुका साथै बालअधिकारको संरक्षणमा सहजताको लागि अभिभावक र अन्य सरोकारवालालाई समेत बाल अधिकारका विषयमा सचेतना कार्यक्रमहरू सञ्चालन हुन थालेका छन् ।

बाल अधिकारको क्षेत्रमा काम गर्दै गरीरहेको चुलाचुली गाउँपालिकाका वडा नं.४,५ र ६ ले योजनावद्ध तवरबाट बालबालिकाहरूको बचावट र विकासका क्षेत्रमा कार्य सञ्चालन गर्न सरोकारवालहरू सहितको छलफलबाट बालमैत्री बनाउन पर्छ भन्ने सोचमा सबैको सहमति पश्चात २०७५ पौषमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधिमा उल्लेग गरिएका बाल वचावट, बाल संरक्षण, बाल विकास र बालको अर्थपूर्ण सहभागिता हुन पाउने अधिकार सुनिश्चितताको लागि आवश्यक सेवा प्रवाहको २७ र संस्थागत १२ सूचकहरूको बारेमा राजनीतिक दल,विद्यार्थी, विद्यालय शिक्षकहरू, प्रमुख व्यक्तिहरूको उपस्थितिमा अभिमूखिकरण सञ्चालन गरियो । सोही समयमा सबै सरोकारवालाहरूले गाउँपालिकालाई नै बालमैत्री स्थानीय शासन अबलम्वन गर्ने  प्रतिबद्धता गऱ्यो ।

बालमैत्री शासन युक्त गाउँपालिका बनाउन गठित बालमैत्री स्थानीय शासन गाउँ समितिले सेवा प्रवाह र संस्थात सूचकहरूको अवस्था सुधारका लागि कुल पूँजीगत वजेटबाट आवश्यक स्रोत बालबालिकाको क्षेत्रमा छुट्ट्याउने

निर्णय गरी गाउँ योजनामा समावेश गऱ्यो । गाउँपालिकाको सोच, बीचार र दृष्टिकोण बमोजिम बालमैत्री अभियानका लागि वडा घोषणामा सहयोग गर्न बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल)-२०७६ र २०७७ दुई चरणमा प्रकाशित औपचारिक रूपमा कामको शुरुवात भयो ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ ले तय गरेको सूचकहरू पुरा गरी बालमैत्री वडा घोषणा गरी देशमा नै पहिचान दिने उद्देश्यका साथ कार्य गर्न सुरुवात गऱ्यो । गाउँपालिकामा सञ्चालन गर्ने कार्यक्रमहरूमा राजनीतिक दल, विषयगत कार्यालय र सामाजिक व्यक्तित्वहरूको समेत साथ र सर्मथन लिई सरोकारवालाहरूको सहभागितामा बालमैत्री घोषणाको लागि अभिमुखिकरण हुनुका साथै सोही गोष्ठीबाट आगामी २०७७ सालसम्ममा बालमैत्री घोषणा गर्ने निर्णय र कार्ययोजना तयार गर्ने काम भयो । गाउँपालिकाको वडा नं.४,५ र ६ लाई २०७७ साल भित्र बालमैत्री वडा बनाउने लक्ष्य तयार गरी सोही बमोजिम गाउँपालिकाले काम गर्ने प्रतिबद्धता गरेको छ ।

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरू प्रति राज्यलाई जवाफदेहि बनाएको छ । बालमैत्री अभियान लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति-२०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०६८ तयार हुनु आफैँमा एउटा अवसरको रूपमा रहेको छ । बाल अधिकारको विषयलाई स्थानीय निकायको समग्र कार्यपद्धति र प्रणालीमा आन्तरिकीकरण गर्दै कार्यावयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणाको लक्ष्यलाई अगाडी बढाईएको छ । बालबालिकाको क्षेत्रमा निश्चित बजेट विनियोजनका लागि बालभेला मार्फत आएका माग र बाल आधिकारका प्रवर्द्धनका लागि अवसर र सम्भावनाको रूपमा लिन सकिन्छ ।

- बालमैत्री स्थानीय शासन कार्यान्वय कार्यविधि बारे अभिमूखिकरण गरी सेवा प्रवाहसम्बन्धी सूचकहरू पुरा गर्ने सामुहिक प्रतिवद्धता हुनु ।
- बालक्लव, विषयगत कार्यालय र पालिकाको सक्रियतामा बालबालिकाको अधिकार प्राप्तिका लागि सहयोग पुऱ्याउनु ।
- बालमैत्री स्थानीय शासन अलम्वन र प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन कार्ययोजना तयार गर्नु ।
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न समिति गठन हुनु ।
- वस्ती स्तरमा अभिमूखिकरण गर्नु ।
- बालबालिकाहरूको चौतर्फी विकासमा लगानी गर्ने निर्णय गर्नु ।
- स्थानीय स्तरमा रहेका संरचनाहरूमा बालबालिकाको सहभागिता गराउन प्रतिबद्धता व्यक्त गर्नु ।
- स्थानीय संघसंस्था र सरोकारवालाहरूको संस्थागत विकास ।
- बालमैत्री पालिका घोषणका लागि समुदाय स्तरको सक्रियता र सहभागीता ।
- .बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणाको पूर्णप्रतिवद्धता ।
- आइरन चक्कीको प्रयोग, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी, गर्भवती र सुत्केरी अवस्थामा स्वास्थ्य जाँच लगायतका सेवा प्रवाह सम्बन्धी सूचकहरूको अवस्था राम्रो रहनु ।
- सेवा प्रवाह सम्बन्धी सूचक पुरा गर्ने विषयगत निकायहरूले जिम्मेवारी लिनु ।
- बालक्लब तथा संजालको सक्रिय परिचालन र क्षमता विकास ।
- चुलाचुली गाउँपालिका वडावासीहरूले बालमैत्री स्थानीय शासन युक्त स्थानीय तह बनाउन तत्परता देखाउनु ।
- जिल्ला समन्वय समिति, शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका कार्यालयलगायत विषययगत कार्यालयहरूद्वारा विषयगत क्षेत्रमा रहेका सवाल पुरा गर्न समन्वयात्क रूपमा लागि पर्नु ।
- पूर्ण खोप, पूर्ण साक्षरता, खुल्ला दिसामुक्त गाउँपालिका, बाल विवाह र कम उमेरको विवाहमा कमी ल्याउन कानूनी कार्यान्वयनको प्रतिबद्धताजस्ता महत्वपूर्ण अभियानको सुरुवात आएको छ ।

# इकाई –तीन

## ३.१ उमेरगत जनसङ्ख्या

इलाम जिल्लाको चुलाचुली गाउँपालिकाको वडा नं.४,५र ६ भित्रका २१५१ घरधुरीमा रहेका उमेरगत जनसङ्ख्याको विवरणलाई निम्न तालिका समावेश गरिएकोछ । चुलाचुली गाउँपालिकाको तीनवटा वडामा बसोबास गर्ने २१५१ घरधुरीमा महिला ५००१ र पुरुष ५३१३ समेत १०३१४ जनसङ्ख्या रहेको छ। १८ वर्षसम्म मुनीका ३०९०जना र सोभन्दा माथिको सङ्ख्या ७२२४रहेको छ । गाउँपालिकाका तीन वडाको जनसङ्ख्यामा २९.९६% बालबालिकाहरूको हिस्सा रहेको छ । वयस्यकहरूको जनसङ्ख्याले ७१.४% हिस्सा ओगटेको छ । चुलाचुली गाउँपालिका वडा नं.४,५ र ६ मा घरधुरी सर्भेक्षण २०७७ विवरणका आधारमा प्राप्त तथ्याङ्कअनुसार वडागत जनसङ्ख्या विवरणलाई निम्नुसार प्रस्तुत गरिएको छः

**चुलाचुली गाउँपालिका वडा नं.४,५ र ६को घरधुरी र जनसङ्ख्या विवरण**

| वडा | घरमुली | | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | | महिला | पुरुष | जम्मा |
| ४ | १०२ | ६५८ | ७६० | १६१६ | १७१२ | ३३२८ |
| ५ | ८९ | ५२३ | ६१२ | १४८७ | १५७१ | ३०५८ |
| ६ | ८१ | ५७६ | ७७९ | १८९८ | २०३० | ३९२९ |
| कुल जम्मा | २७२ | १८७९ | २१५१ | ५००१ | ५३१३ | १०३१४ |

चुलाचुली गाउँपालिकाको वडा नं.४,५ र ६ मा कुल १८ वर्ष मुनीका ३०९०जना बालबालिकाहरू मध्ये जन्मेदेखि छ महिनासम्मका ६१जना, छ महिनादेखि माथि एक वर्ष मुनिका ६९जना, एक वर्षदेखि दुई वर्षसम्म १९६जना, तीनदेखि पाँच वर्षसम्म ४९१जना, छ सम्म १८० जना,सात देखि नौं वर्षसम्म ५१३ जना, दसदेखि बाह्र वर्षसम्म ४४७ जना, तेह्र देखि चौध वर्षसम्म ३६८ जना, पन्ध्रदेखि सोह्र वर्षसम्म ३५०जना, सत्रदेखि अठार वर्षसम्म उमेरका ४१५जना रहेका छन् । कुल जनसङ्ख्यामा बालबालिकाहरूको हिस्सा २९.९६% हुन आउँछ । बालबालिकाहरूको चौतर्फी विकास गर्न योजनावद्ध रूपमा कार्य गरी उनीहरूको आवश्यकता परिपूर्तिका लागि बालबालिकाको आवज सुनुवाई गरी बाल अधिकार सुनिश्चित गर्न सरोकारवालको सक्रियताका र समन्वयात्मक रूपमा कार्य सञ्चालन गरी बालबालिकाहरूको चौतर्फी विकास गर्न आवश्यक रहेको छ । बालबालिकाहरूको वडागत विस्तृत विवरण तालिका १मा विस्तृत रूपमा प्रस्तुत गरिएकोछ ।



**बयस्कहरूको उमेरगत जनसङ्ख्या विवरण**

१९ वर्ष माथिको जनसङ्ख्या रहेकोछ । चुलाचुली गाउँपालिका वडा नं.४,५ र ६ मा १९ देखि २० वर्षसम्म ४३२जना,२१देखि२४ वर्षसम्म ९४८ जना, २५ देखि ४५ वर्षसम्म ३५१४ जना, ४६ देखि ६० वर्षसम्म १३९७जना,६१देखि ७५ वर्षसम्म ६७३ जना र ७५ वर्ष माथि २६० जना वयस्क रहेका छन । चुलचुली गाउँपालिका तीनवडाको कुल जनसङ्ख्यामक ७१.४% वयस्कहरूको जनसङ्ख्या रहेको छ । वयस्कहरूको उमेरअनुसारको वडागत विस्तृत विवरण तालिका २ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।




### ३.२ पाँच वर्ष भित्र वसाई सरि आएका घरधुरी विवरण :

चुलाचुली गाउँपालिकाका ४,५,६ समेत तीनवटा वडामा बसोवास गरिरहेका २१५१ घरधुरीहरू मध्ये विगत पाँच वर्षभित्र शहरी सुविधा,द्वन्द्व, खेतीपाती, रोजगारी र अन्य कारणबाट बसाई सरी आउने घरधुरीहरूको विवरण समावेश गरिएकोछ। घरपरिवार पाँच वर्ष अघिदेखि नै यसै स्थानमा बस्दै आएको तथ्याङ्कले देखाएको छ । चुलाचुली गाउँपालिका वडानं.४,५,६मा घरधुरी सर्भेक्षण २०७७ अनुसार १० घरपरिवार शहरी सुविधाका लागि, ५ घरपरिवार खेतीपाती गर्न, २घरपरिवा व्यापार व्यवसाय गर्न,१ द्वन्द्वका कारण अन्यत्र स्थानबाट वसाई सरी आएकाछन । वडा नं.४,५ र ६ मा २१३३ घरपरिवार पाँच वर्ष अगाडिबाट स्थायीरुपमा वसोवास गर्दै आएको तथ्याङ्कले देखाउछ । बसाई सराई सम्बन्धि वडागत विस्तृत विवरण तालिका ४ मा समावेश गरिएको छ ।




### ३.३ जातिगत विवरण :

चुलाचुली गाउँपालिकाको ४,५ र ६ नम्बर वडामा जम्मा ११२ थरका मानिसहरूको बसोवास रहेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ । उपयुक्त वडाहरूमा सबैभन्दा वढी जनजाति १५५३ घरधुरी र क्रमश क्षेत्रीबाउन ४०७ पछाडि पारिएको जाति १९० रहेको छ । जातिगत विवरणलाई निम्नानुसारको तालिकामा वडागत विस्तृत रूपमा समावेश गरिएको छ।

| वडा नं. | आदिवासी जनजाति | पछाडि पारिएको जाति | अन्य(क्षेत्री व्रामण) | मधेशी | जम्मा |
|---|---|---|---|---|---|
| ४ | ६११ | ४४ | १०४ | ० | ७५९ |
| ५ | ३६६ | ७७ | १६९ | ० | ६१२ |

| ६ | ५७६ | ६९ | १३४ | ० | ७७९ |
|---|---|---|---|---|---|
| जम्मा | १५५३ | १९० | ४०७ | ० | २१५१ |
| **प्रतिशतमा** | **७२.१९** | **८.८३** | **१८.९२** | **९.६** | **१००** |

**३.४ मातृभाषासम्बन्धी विवरण**

चुलाचुली गाउँपालिकाका ४ दखि ६ सम्म तीनवटा वडामा बसोबास गरिरहेका २१५१ घरधुरीहरू जातजातिहरूको मातृभाषामा आफ्आफ्नै रहेकोछ । अन्यजातिको तुलनामा नेपाली मातृभाषा प्रयोग गर्नेहरूको बाहुल्य रहेको छ । चुलाचुलीमा नेपाली भाषा प्रयोग गर्ने ७१.४५ % लिम्वु भाषा प्रयोग गर्ने १५.९% राई भाषा १२.७% , तामाङ र राई भाषाको समेत प्रयोग गर्ने गरिएको घरधुरी सर्भेक्षण २०७७ को तथ्याङ्कले देखाएको छ । वडागत भाषासम्बन्धी विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा नं. | प्रयोग गरिने भाषा | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | लिम्वु | राई | मगर | तामाङ | नेपाली | अन्य | |
| ४ | ३३५ | २७१ | | ० | १६० | ० | ७६० |
| ५ | ५ | २ | | ० | ६०३ | २ | ६१२ |
| ६ | २ | १ | | २ | ७७४ | ० | ७७९ |
| जम्मा | ३४२ | २७४ | ० | २ | १५३७ | २ | २१५१ |
| प्रतिशतमा | १५.९ | १२.७ | ०.० | ०.१ | ७१.४५ | ०.१ | १०० |

***३.५*.धार्मिक संलग्नता :**

चुलाचुली गाउँपालिकाका ४,५,६ वडामा बसोवास गरिरहेका २१५१ घरधुरीहरू मध्ये किराँत धर्म मान्नेहरू ५३.६ प्रतिशत घरधुरी, हिन्दु धर्म मान्ने रहेकोछ । चुलाचुलीकाका तीन वडामा बौद्ध र इसाई लगायतको धर्म मान्नेहरू भएको घरधुरी सर्भेक्षण २०७७ को तथ्याङ्कले देखाएकोछ । विभिन्न धर्म मान्ने घरधुरीको विवरण निम्नानुसारको तालिकामा समावेश गरिएकोछ । जसलाई चित्रमा वडागत प्रस्तुत गरिएकोछ ।

| वडा | धार्मिक संलग्नता | | | | |
|---|---|---|---|---|---|
| | किरात | हिन्दु | बौद्ध | इसाई | अन्य |
| ४ | ६११ | १४८ | ० | ० | १ |
| ५ | २३१ | २७४ | ५७ | ४४ | ६ |
| ६ | ३११ | ४०५ | ५० | १२ | १ |
| जम्मा | ११५३ | ८२७ | १०७ | ५६ | ८ |
| प्रतिशत | ५३.६ | ३८.४ | ५.० | २.६ | ०.४ |

**३.६ जनसङ्ख्या वृद्धिदर**

चुलाचुली गाउँपालिकाका वडा नं.४,५ र ६ को बालबालिकाको वस्तुगत विवरण तयार गर्दा गाउँपालिकाको प्रोफायल २०७५ को जनसङ्ख्या र घरधुरी तथ्याङ्क २०७७ को तुलना गर्दा विगतको तुलनाना ३७८ घरधुरी वृद्धि भएको देखिन्छ । २०७५ सालको जनसंख्यामा महिला ६५२ पुरुष ५०३ समेत ११५५ जना बढी जनसङ्ख्या वढन पुगेको छ । २०७५ सालको ९१५९ जनसङ्ख्यामा २०७७ को घरधुरी सर्भेक्षणमा १०३१४ जनसङ्ख्या वृद्धि भएको छ । चुलाचुली गाउँपालिकाका तीनवटा वडाको जनसङ्ख्या प्रतिशतले बढेको देखिन्छ । वडा न ५मा पुरुषको जनसंखया २०७५ भन्दा घटेको अवस्था रहेको अवस्था छ । जनसङ्ख्या वृद्धिदरको वडागत विवरण निम्नानुसार रहेको छ ।

घरधुरी तथा जनसंख्याको तुलनात्मक विवरण

| वडा नं. | २०७५ साल | | | | २०७७ साल | | | | तुलनात्मक अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | महिला | पुरष | जम्मा | घरधुरी | महिला | पुरष | जम्मा | घरधुरी | महिला | पुरुष | प्रतिशत |
| ४ | ६०४ | १३४५ | १४५० | २७९५ | ७६० | १६१६ | १७१२ | ३३२८ | १५६ | २७१ | २६२ | १९.१% |
| ५ | ५६५ | १४०६ | १५७९ | २९८५ | ६१२ | १४८७ | १५७१ | ३०५८ | ४७ | ८१ | –८ | १७.८६% |
| ६ | ६०४ | १५९८ | १७८१ | ३३७९ | ७७९ | १८९८ | २०३० | ३९२८ | १७५ | ३०० | २४९ | १५.७७% |
| जम्मा | १७७३ | ४३४९ | ४८१० | ९१५९ | २१५१ | ५००१ | ५३१३ | १०३१४ | ३७८ | ६५२ | ५०३ | १२.६१ |

**३.७.जन्म दर्तासम्बन्धी विवरण:**

चुलाचुली गाउँपालिका ४ देखि ६ नं. वडाका घरधुरीमा पाँच वर्ष मुनिका ८१७ जना बालबालिकाहरू मध्ये ६२८ जना बालबालिकाहरूको जन्मदर्ता गरिएको छ । पाँच वर्ष मुनिका बालबालिकाहरूको जन्म दर्ता गर्ने ७६.८७% रहेको छ । ६ देखि अठार वर्ष मुनिका २२७३ जना बालबालिकाहरू १८१३ जनाले जन्मदर्ता गरेका छन् जुन ७९.८ % रहेको छ । पाँच वर्ष मुनिका र ६ देखि अठार वर्ष मुनिका समेत ५८९जना बालबालिकाहरूले जन्म दर्ता गरेको देखिदैन । चुलाचुली गाउँपालिका वडा नं. ४ देखि ६ नं. वडामा रहेका बालबालिकाहरू मध्ये २४४१ जना बालबालिकाहरूले मात्र जन्म दर्ता गरेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ। चुलाचुली गाउँपालिकाको वडा नं.४ देखि ६मा ७८.९९%बालबालिबाहरूले जन्म दर्ता गर्ने गरेको पाइएको छ । तथ्याङ्क अनुसार २१.१% बालबालिकाहरू जन्मदर्ता गर्नबाट वञ्चितीमा रहेका छन् । जन्मदर्तासम्बन्धी वडागत विवरणलाई तालिका ५ मा प्रस्तुत गरिएको छ ।




**३.८ बाल विवाहको अवस्था :**

बीस वर्षको उमेर नपुगी विवाह गरेमा उनीहरूको शारीरिक अवस्था परिपक्क भएको हुदैनन । २० पारी उमेर पुगी पछि मात्र विवाह गर्नु पर्छ भन्ने कानूनी मान्यता सगै महिलाहरूको शारीरिक अवस्था परिपक्क नहुनुका अलवा बालबालिकाहरूको पढाई छुटने, आर्थिक क्षति, पारिवारिक कलह र सम्वन्धमा वेमेलको अवस्था सृजना भई सामाजिक सदभावमा समेत विग्रन जान्छ । शारीरिक, सामाजिक, आर्थिक रूपमा हुन सक्ने क्षतिको दर घटाउन बालविवाहको दर कम गर्न सामाजिक अपराध रोक्न लागि पर्ने हुन्छ । चुलाचुली गाउँपालिकाका ४,५ र ६ नम्बर वडामा एक वर्षभित्र विवाह गर्ने ४० जनामा ३ जनाको बाल



विवाह र ७ जनाको कम उमेरको विवाह भएको घरधुरी सर्भेक्षण २०७७ ले देखाएकोछ । ४ महिला र ३ पुरुष समेत ११ २० वर्ष उमेर नपुगी विवाह कम उमेरमा नै विवाह भएको छ । तथ्याङ्कका आधारमा चुलाचुली गाउँपालिका तीनै वटा वडामा ०.०९७ % वालविवाह रहेको छ। कम उमेरमा विवाह गर्नेहरू ७ जना रहेको छ। कम उमेरको विवाह गर्ने ०.३५% रहेको छ। चुलाचुली गाउँपालिका वडा नं.४,५ र ६ मा एक वर्षभित्र विवाह गर्ने २६ जनाले मात्र उमेर पुगेर विवाह गरेका छन। विवाह सम्बन्धी वडागत विस्तृत विवरण तालिका ६ मा समावेश गरिएको छ।

### ३.९ परिवार सङ्ख्या र प्रतिपरिवार औषत बालबालिको सङ्ख्या

चुलाचुली गाउँपालिका ४,५ र ६ वडाको घरधुरी सर्भेक्षण २०७७ को प्राथमिक तथ्याङ्क सङ्कलनका आधारमा वडामा १८ वर्ष मुनिका ३०९० जना बालबालिकाहरूको सङ्ख्याको आधारमा प्रति घरपरिवार औषतमा बालबालिकाहरू दुई जनासम्म रहेको देखिन्छ। वडागत घरधुरी र बाल बालिकाकाहरूको विवरण निम्नानुसार तालिकामा समावेश गरिएको छः

| वडा नं. | घरधुरी | बालबालिकाको सङ्ख्या | प्रतिघर औषत बालबालिकाको सङ्ख्या |
|---|---|---|---|
| ४ | ७६० | १००२ | २ |
| ५ | ६१२ | ९३३ | २ |
| ६ | ७७९ | ११५५ | २ |

# इकाई -चार

## ४.बाल तथा मातृ स्वास्थ्य

### ४.१ सुरक्षित मातृत्व कार्यक्रम

बालबालिकाहरूको जीवन र स्वास्थ्य अवस्था कस्तो रहने भन्नेमा आमाको स्वास्थ्यसँग सम्बन्धित हुने गर्दछ । चुलाचुली गाउँपालिका वडा नं.४,५ र ६ मा २० वर्ष मुनिका र माथिका दुवै समूहका गर्भवती आमाहरूले गर्भावस्थामा नियमिति तोकिएको अवस्थामा नै चार पटक जाँच गर्ने र स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने गरेका छन् । गाउँपालिकामा स्थापना गरिएका स्वास्थ्य संस्थामा बर्थिङ सेण्टरको व्यवस्था सहित तालिम प्राप्त स्वास्थ्यकर्मीको समेत प्रबन्ध गरिएकोछ । महिला स्वास्थ्य स्वयंसेविका,विद्यालय,सामाजिक संघसंस्थाका कार्यक्रमद्वारा गर्भावस्था विषेश अवस्था भएकाले त्यस अवस्थामा राम्रो खानपिन,आरम, नियमित स्वास्थ्य जाँच र स्वास्थ्य संस्थामा नै सुत्केरी गराउनु पर्छ भन्ने पटकौको सचेतीकरणले घरधुरीका अभिभावकहरूले सुरक्षित मातृत्वको महत्व बुझ्न थालेका छन् । गर्भावस्थाको गम्बिरतालाई बीचार गरी आवश्यकता अनुसार दमक, विर्तामोड, विराटनगर र धरानसम्मका सुविधा सम्पन्न अस्पतालमा गएर पनि जाँच र सुत्केरी गराउने प्रचलन रहेको छ । यद्यपी गर्भवति महिलालाई प्रसुति गराउदा घरैमा स्वास्थ्यकर्मी बोलाएर र स्वास्थ्यकर्मी नवोलाईकन पनि प्रसुति गर्ने केही चलन गाउँपालिकाका वडामा रहेको घरधुरी सर्भेक्षण २०७७ देखाएको छ ।

बालबालिकाहरू आमाको गर्भदेखि नै सुरक्षित रूपमा जन्मन पाउने र जन्मेपश्चात् पनि उनीहरूको बचाउँ, संरक्षण, विकास अधिकार सुनिश्तिता गर्नु अभिभावकहरूको कर्तव्य हो । बालबालिका जन्मेपछि उसलाई स्वस्थ र दीर्घ जिवनको लागि एक हप्ताभित्र सुत्केरी आमा र नव शिशुको २४ घण्टाको जाँच स्वास्थ्य संस्थामा गरेर घरमा लाने र त्यसपछिको तीन दिन र एक हप्ताको स्वास्थ्य जाँज भने कम हुने गरेको छ । आमा र नवशिशु बिरामी भएमा मात्र जाँच गराउने र नभए स्वास्थ्य जाँच गरिदैन । जसबाट सुरक्षित मातृत्व र नवशिशुको बाँच्न पाउने अधिकार सुनिश्चित हुनेमा चुनौती रहेको छ । बालबालिकाहरूको वृद्धि विकासका लागि पोषिलो खानेकुरा खुवाउने र गर्भवति महिलाहरूलाई पोषिलो खाना साथै आरामको पनि प्रबन्ध हुन जरुरी हुन्छ ।

### ४.२ बालबालिकाको खोपसम्बन्धी विवरण

बालबालिकाहरूको दीर्घ जीवन यापन गर्न पाउने अधिकारको सुनिश्चितताको लागि राज्यबाट १५ महिना भित्र पूर्ण खोपको निशुल्क व्यवस्था गरिएकोछ । खोप कार्यमा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न




गाउँपालिकाको स्वास्थ्य शाखा र व्यवस्थापन समिति, स्वास्थ्य कर्मी,महिलास्वास्थ्य स्वयंसेविकाहरू, परिचालन गरिएको छ । खोप लिनबाट वञ्चित बालबालिकाहरू नभए पनि कहिले काहि खोपको समयमा अन्यत्र गएको अवस्था बाहेक खोप लाउन नछुटेको घरधुरी सर्भेक्षण २०७७ तथ्याङ्कले पुष्टी गर्छ । बालबालिकाहरूको खोपमा पहुँचको अवस्था तालिकाले प्रष्टयाउँद छ । उपयुक्त चार्टमा उल्लेख गरिएको १५ महिना सम्मका ३२६

बालबालिकाहरूमा ३५१जनाले विसिजी, डिपिटी पहिलो २७२, डिपिटि दोस्रो ३२५, डिपिटि तेस्रो ३१६, पिभिसि पहिलो ३२८, पिभिसि दोस्रो ३१७, पिभिसि तेस्रो ३०५जना, दादुरा पहिलो ३०१जना र जापानिज इन्सेफलाईटिस २८० जनाले खोप लिएका भए तापनि खोप लिइएका छन् । २७२ जनाले दादुरा रुवेला विरुद्धको दोस्रो मात्रा खोप पाएका छन् । चुलाचुली गाउँपालिकाका ४,५ र ६ नं. वडामा रहेका बालबालिका र खोपामा पहुँचको अवस्थाको विश्लेषण गर्ने हो भने १५ महिना सम्मका ३२६जना बालबालिकाहरू मध्ये ३५१ जना बालबालिकाहरूले विसिजि खोप लिएका छन् । विसिजि खोप लिने पन्द्रमहिना उमेरभित्रका बालबालिकाहरूलाई आधार मान्ने हो भने खोपमा सतप्रतिशत पहुँच रहेको घरधुरी सर्भेक्षण २०७७ को तथ्याङ्कले प्रष्ट्याएको छ । खोपसम्बन्धी वडागत विस्तृत विवरण तालिका ७ मा समावेश गरिएको छ ।

### ४.३.बाल पोषण स्थिति

बालबालिका भविस्यमा दक्ष र सक्षम नागरिक बन्नका लागि प्रारम्भिक अवस्थामा उनीहरूले पाउने पोषणयुक्त खाना तथा स्याहारमा निर्भर रहन्छ । चुलाचुली गाउँपालिका वडा नं.४,५र ६ मा रहेका घरपरिवाले आफ्ना छोरीछोराका लागि सबैले पोषिलो खाने कुरा दिए नदिएको विवरणलाई निम्नानुसार तालिकामा समावेश गरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा वडाहरूमा पोषिलो खाना खान दिने घरपरिवार ४६.१% रहेकोछ । चुलाचुली गाउँपालिकाका ४ देखि ६ वडा मध्ये सबैभन्दा बढी पोषिलो खाना दिने घर वडा नं. ५ मा र कम वडा नं. ४ मा पाउने गरेको घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त भएको छ । बालबालिकाहरूले पोषिलो खाना खान सम्बन्धी वडागत विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः

| वडा नं. | पोषिलो खान पाउने बालबालिका | पोषिलो खान नपाउने बालबालिका | पोषिलो खाना खानपाउने बालबालिकाको प्रतिशत |
|---|---|---|---|
| ४ | २२८ | ८ | ३० |
| ५ | ४२९ | ३६ | ५६ |
| ६ | ३३४ | ३२ | ४४ |
| जम्मा | ९९१ | ७६ | ४६.१ |

### ४.३.१ छ महिना सम्ममा बालबालिको स्तनपानसम्बन्धी विवरण

चुलाचुली गाउँपालिका वडा नं.४,५,६ मा रहेका बालबालिकाहरू बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका लागि बालबालिकाहरूको शारीरिक,मानसिक, बौद्धिक,संवेगात्मक र सामाजिक पक्षको विकासका लागि स्तनपानको महत्वपूर्ण भूमिका हुन्छ । बालबालिका जन्मेको छ महिनासम्म आमाको दुधमात्र खान आवश्यक हुन्छ । गाउँपालिकाका वडा नं.४देखि ६ नं. वडाका बालबालिका जन्मेको छ महिनासम्म आमाको दुधमात्र खुवाउने वर्तमान अवस्थामा सुधार गनै आवश्यक रहेको छ । बालबालिका जन्मेको दुई महिनादेखि नै आमाको दुध साथै खानेकुरा खुवाउने गरिएकोछ ।दुध खुवाए पनि तोकिएको मापदण्ड र प्रक्रियाअनुसार बालबालिकाहरूलाई स्तनपान गराउन सकेको अवस्था नभएको स्थिति छ । ६ महिनासम्मका बालबालिकाहरूलाई आमाको मात्र स्तनपान गराएको अवस्थाको विश्लेषण गर्दा ७४.४ प्रतिशतले मात्र आमाको मात्र दुधखाएको देखिन्छ । स्तनपान सम्बन्धी वडागत विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छः

| वडा | ६ महिनासम्मका बालबालिकाको संख्या | | जन्मने वित्तिकै विगौती दुध खुवाउने सञ्ख्या | | जन्मने वित्तिकै विगौती नखुवाएको सञ्ख्या | | छ महिना सम्म आमाको मात्र दुध खुवाएको सञ्ख्या | | छ महिना सम्म आमाको दुध साथै अन्य खानेकुरा खुवाएको सञ्ख्या | | दुई महिना वा सो भन्दा कम समय सम्म आमाको दुध खुवाएको | | ६ महिना सम्म आमाको मात्र दुध खाने बालिकाको  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | |
| ४ | ९ | ९ | ९ | ९ | ० | ० | ७ | ६ | २ | ३ | १ | १ | ७२.२ |
| ५ | १२ | १० | ११ | १० | १ | ० | ९ | ७ | ३ | ३ | ३ | २ | ७२.७ |
| ६ | १२ | ९ | १० | ८ | २ | १ | १० | ७ | २ | २ | १ | १ | ८१.० |
| जम्मा | ३३ | २८ | ३० | २७ | ३ | १ | २६ | २० | ७ | ८ | ५ | ४ | ७५.४ |

### ४.३.२ नियमित रूपमा तौल लिइएका बालबालिकासम्बन्धी विवरण

बालबालिकाहरूको उमेर अनुसार मानसिक,शारीरिक,बौद्धिक र संवेगात्मक पक्षको वृद्धि र विकास हुनु पर्दछ । बालबालिकाहरूको बृद्धि अनुगमन नियमित गरिएन भने उनीहरूको बृद्धि विकास भै रहेको छ कि छैन थाहा हुदैन् । चुलाचुली गाउँपालिकाका ४ देखि ६ वडामा पाँचवर्ष मुनीका बालबालिकाहरूको तौल वृद्धि अनुगमन गर्ने कार्य नियमित र सबै बालबालिकाको गरिएको छैन । ८१७ जना पाँच वर्ष मुनिका बालबालिकाहरू मध्ये १६३ जना बालबालिकाहरूको नियमित वृद्धि अनुगमन हुने गरेको विद्यमान अवस्था छ । वृद्धि अनुगमन २०% रहेको घरधुरी सर्भेक्षण २०७७ को तथ्याङ्कले देखाउँदछ । बाल वृद्धि अनुगमनसम्बन्धी वडागत विवरण ८ तालिकामा समावेश गरिएकोछ ।




### ४.४ बालबालिकामा देखापर्ने मुख्य रोगहरू

गाउँपालिकाको ४,५,६वडाको घरधुरी सर्भेक्षण २०७७ अनुसार बालबालिकाहरूमा लाग्ने सामान्य रोगहरूमा झाडा पखाला, घाउ खटिरा, लुतो, स्वासप्रश्वास (न्यूमोनिया), जूका,निसासिनु संक्रमण, भारल ज्वोरो, कुपोषण, सिताङ्ग, कम तौल अन्य रोगहरू (पानी र सरसफाइका कमीका कारण लाग्ने रोगहरू) रहेका छन् । गाउँपालिकाका ४,५,६ वडामा रहेका बालबालिकाहरुलाई मध्ये कसैलाई पनि दीर्घ देखा नपरेका घरधुरी सर्भेक्षण २०७७ को तथ्याङ्कले देखाएको छ । वडामा सामाजिक र परम्परागत मान्यतालाई पुरै त्याग्न सकिएको अवस्था छैन । बालबालिकाहरू बिरामी भएमा डाक्टरका नै पुऱ्याउनु पदर्छ भन्नेमा सबै विश्वस्त हुन थालेको अवस्था छ ।

### ४.४.१ बाल स्वास्थ्य

बालबालिकाहरूको मात्र होइन सबै मानवको स्वास्थ्य स्थिति कस्तो हुने भन्ने कुरा स्थानीय स्तरमा उपलब्ध हुने स्वास्थ्य सेवा दिने संस्था र सेवाले मात्र निर्धारण गर्न सक्दैन । गाउँपालिकाका तीनैवटा वडामा बिरामी भएपछि सर्बप्रथम परम्परागत रूपमा प्रचलनमा ल्याएका धामी झार्की लाउने चलनको अंश केही बाँकी रहेकोछ । बिरामीहरूको उपचारका लागि बैद्य, धामी झार्कीको प्रयोग गर्ने गरेका छन् । चुलाचुली गाउँपालिका वडा नं.४,५,६भित्र र गाउँपालिकामा नजिकै रहेको स्वास्थ्य संस्थामा ५४.७%प्रतिशत, अस्पतालमा ३६.४%, धामी झाक्रीका ५.७% र नीजि वा वाहृय तहसम्म ३ प्रतिशत घरपरिवाले आफ्नो र बालबालिकाहरूको स्वास्थ्य उपचारमा लैजाने गरेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ । बालबालिकाको उपचारमा प्राथमिकता क्षेत्रको वडागत विवरण चार्टमा प्रस्तुत गरिएको छ ।




### ४.५ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण

चुलाचुली गाउँपालिकाको ४,५,६ वडामा महिला र पुरुषहरूले जन्मानतर बढाउन परिवार नियोजनका अस्थायी र स्थायी साधनहरूको प्रयोगमा ल्याउने गरेका छन् । पुरुषहरूले कण्डम र स्थायी बन्धयाकरण गर्ने साथै महिलाहरूले पिल्स, डिपो, इमप्लाण्ट र आइयुसिडीजस्ता परिवार नियोजनमा साधनहरूको प्रयोग गरेका छन् ।

### ४.६ प्रसुतिपूर्व चारपटक र प्रस्तुतिपश्चात आमा र नवजात शिशुको स्वस्थ्य जाँच

चुलाचुली गाउँपालिका वडा नं. १,२ र ३ को घरधुरी सर्भेक्षण २०७६ अनुसार तीनैवटा वडामा ११७ जना गर्भवतिहरू मध्ये १०२ जनाले मात्र तोकिएको समयमा जाँच गर्ने, ११० जनाले आइरन चक्की खाने, ११२ जनाले दुई पटक टिडि खोप लिने गरेका छन् । सुत्केरीपछि आमा र नव शिशुको हप्तामा तीनपटकको जाँच सम्बन्धमा स्वास्थ्य संस्थमा प्रसुति गर्नेहरूले पहिलो जाँच गरेको दोस्रो र तेस्रा जाँच बालबालिका बिरामी हुदामात्र गर्ने गरेका छन् । चुलाचुली गाउँपालिकाका तीनैवटा वडामा नियमित गर्भवति जाँच ८७.१७, आइरन चक्कीको सेवन ९४,टिडिको खोपको प्रयोग ९५%रहेको छ । गर्भवति महिला र सेवामा रहेको पहुँचसम्बन्धी वडागत विवरण तालिका १० मा समावेश गरिएको छ ।

### ४.७ दक्ष स्वास्थ्यकर्मीद्वारा सुत्केरी गर्ने विवरण

चुलाचुली गाउँपालिका वडा नं.४,५,६ मा सुरक्षित रूपमा दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा नै सुत्केरी गराउनु पर्छ भन्ने सोचको विकास रहेको भए तापनि घरधुरी सर्भेक्षण २०७७ अनुसार १०२जना गर्भवित महिलाहरू मध्ये सुत्केरी भएका ९१ भएका छन् । प्रसुति भएका मध्ये ६२ जनाले स्वास्थ्य संस्थामा प्रस्तुति गराएका छन् । स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको मध्ये ६८.१२% स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीद्वारा, १३.८% घरैमा स्वास्थ्यकर्मी लगेर प्रसुति गराएको र १४ प्रतिशतले स्वास्थ्यकर्मी विना नै घरैमा प्रसुति गरेका अवस्था छ । बालबालिका गर्भदेखि नै सुरक्षितभै जन्मन पाउने अधिकारका सुनिश्चितताका लागि नियमित स्वास्थ्य जाँच साथै स्वास्थ्य संस्थामा गई दक्ष स्वास्थ्य कर्मीद्वारा सुत्केरी गराउन पर्छ । गर्भवति महिला र जाँच तथा प्रसुतिसम्बन्धी विवरण निम्नानुसारको चार्टमा प्रस्तुत गरिएको छ ।




गर्भावस्थाको जाँज,टि.डि खोप र आइरन चक्की सतप्रतिशत नै रहेकोछ । सुत्केरी पछि आमा र नवशिशुको एक हप्तामा तीन पटक स्वास्थ्य जाँच ७७.६६ प्रतिशतले गराउने गरेकाछन । दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसुति गर्नेहरूको वडागत विवरण तालिका ९ मा समावेश गरिएको छ ।

### ४.८ भिटामिन ए तथा जुकाको औषधि खाएका वालबालिकासम्बन्धी विवरण

६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरूले वर्षको २ पटक भिटामिन ए क्याप्सुल ५ वर्षसम्मका बालबालिकहरूले भिटामिन एक्याप्सुल खानु पर्दछ । भिटामिन ए र जुकाको औषधिको खाने बालकालिकाको पहुँच वडा नं.६ मा सतप्रतिशत,वडा ५ मा ६४ र वडा नं. ४ मा ८४ प्रतिशत रहेकोछ । पाँच वर्ष मुनीका ८१७ जना बालबालिकाहरुले खाएको जुकाको औषधी,भिटामिन ए र पोलियो थोपा सम्बन्धि वडागत विस्तृत विवरण तालिका १० मा समावेश गरिएकोछ ।



### ४.९ आयोडिन युक्त नुनको प्रयोग गर्ने घर परिवारसम्बन्धी विवरण

घरधुरी तथ्याङ्क सर्भेक्षण २०७७ आधारमा चुलाचुली गाउँपालिकाका ४ देखि ६ वडा भित्रका २१५१ घरधुरी मध्ये १७१०घरपरिवारले नियमित रूपमा आयोडिन नुन प्रयोग गर्ने गरेका छन । नियमिति आयोडिन वा दुई बालबालिकाको चिन्ह भएको नुन प्रयोग गर्ने ७९.४९ प्रतिशत र खुल्ला नुनको प्रयोग गर्ने २०.५१ प्रतिशत रहेको छ। आयोडिन युक्त नुनको प्रयोगमा वडा ५ तुलनात्मक रुपमा कम रहेकोछ। नुन प्रयोगसम्बन्धी कुनै वडागत विवरण चार्टमा प्रस्तुत गरिएकोछ।




### ४.१० चर्पी र सरसफाईसम्बन्धी विवरण

सरसफाईका लागि अर्को महत्वपूर्ण पक्ष शौचालयको निर्माण र प्रयोग हुनु हो। समुदाय,मानव वस्तीमा स्वास्थ्य सम्बन्धी अनेक प्रकारका जटिलता ल्याउने अव्यवस्थित शौचालय पनि हो। सरसफाईका लागि अभिन्न र नभई नहुने शौचालयको व्यवस्था र नियमित प्रयोग गर्न आवश्यक हुन्छ। मानव सभ्यता साथै व्यक्तिगत, घरायसीसँगै वातावरणीय सरासफाईका लागि शौचालय निर्माण र यसको नियमित प्रयोगमा ल्याउन अनिवार्य रहन्छ। चुलाचुली गाउँपालिकाका ४देखि ६ नं. वडामा २१५१ घरधुरी मध्ये ११३८ पक्की चर्पी, ९५६ कच्ची चर्पी भएको र २४ घरधुरीमा चर्पी नभएको विद्यमान अवस्था रहेको छ । पक्की र कच्चीसमेत ९७.४% घरधुरीमा चर्पी भएको अवस्था रहेको छ। २.६ घरधुरीमा चर्पी नबनाएको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ। भएका चर्पीहरु मध्ये ९५.१ प्रतिशत चर्पीहरु प्रयोगमा रहेको अवस्था छ । चर्पी सम्बन्धि स्तम्भ रेखामा प्रस्तुत गरिएको छ साथै चर्पीसम्बन्धी विस्तृत वडागत विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ।




### ४.११ सावुनको उपलब्धता र प्रयोग सम्बन्धी विवरण

खाना पकाउन अघि,खाना खानु अघि,बालबालिकाहरूको दिसा धोएपछि,दिसा गरे पछि र फोहोर वस्तु छोएपछि सावुन पानीले हात धुने कार्य नियमित गर्नाले पनि सरुवा रोगहरूबाट बच्न सकिन्छ। सामान्यतय पच्चिस रूपयाँको सावुन प्रयोग नगर्नाले वर्षेनी दसौं हजार बालबालिकाहरूले अकालमा ज्यान गुमाउनु परेको अवस्था रहेको छ। चुलाचुली गाउँपालिका वडा नं.४ देखि ६ सम्म रहेका नागरिकहरूका ९५.५% घरमा,४६.५ % र ३३.३% विद्यालयमा सावुनको उपलब्धता रहेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ । सावुन पानीको उपलब्धता र प्रयोगको सङ्ख्या विश्लेषण गर्दा आधा भन्दा बढी विद्यालयमा सावुन नै नभएको र घरमा सावुन भए पनि नियमित र अनिवार्य रूपमा सावुनको प्रयोग भएको अवस्था देखिदैन। दिसा गरेपछि,बालबालिकाको दिसा धोएपछि,खाना पकाउन र खान अघि र फोहोर वस्तु छोएपछि ८०.९५ % ले सावुन पानीले हात धुने गरेको तथ्याङ्कले देखाएकोछ। तीन वडामा सावुन र प्रयोगको विवरणलाई वडागत तालिकामा प्रस्तुत गरिएको छ:

**सावुन राखिएको स्थान र सावुनको प्रयोग सम्बन्धि विवरण**

| वडा | सावुनको राखिएको स्थान | | | सावुनको प्रयोग कहिले कहिले हुन्छ | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | घरमा | शौचालयमा | विद्यालयको शौचालयमा | दिसा गरेपछि | बालबालिकाको दिसा धोएपछि | खाना पकाउनु र खानु अघि | फोहोर वस्तु छोएपछि | |
| ४ | ७५८ | ८ | २ | ७५५ | १३ | ७५७ | ७५७ | ७५.०६ |
| ५ | ६०२ | २५१ | ४७ | ५२५ | १५३ | ५८० | ६०८ | ७६.२२ |
| ६ | ६९७ | ७४१ | ६६७ | ७४८ | ५७५ | ७४४ | ७५० | ९०.४ |
| **जम्मा** | २०५७ | १००० | ७१६ | २०२८ | ७४१ | २०८१ | २११५ | ८०.९५ |
| **प्रतिशत** | ९५.६ | ४६.५ | ३३.३ | ९४.३ | ३४.४ | ९६.७ | ९८.३ | |

### ४.१२ खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरण

चुलाचुली गाउँपालिकाका ४ देखि ६ समेत तीनैवटै वडामा खानेपानीको पहुँचसँगसम्बन्धी सर्भेक्षण अनुसार सबै घरधुरीमा खानेपानीको पुहुँच रहेको देखिन्छ । पाएप वा धाराको पानी, ट्युवेल र इनारको खानेपानी उपयोग गर्ने १००% घरधुरी रहेको छ । घरधुरी सर्भेक्षण २०७७ अनुसार पाएप वा धाराको पानी प्रयोग गर्ने १७९८,ट्यूवेल ११०५,इनार वा जरुवा र कुलो १२ घरपरिवार रहेकाछन । नदी, कुलो, आकासे पानी सङ्कलन पानी खाने अवस्था नरहेको चुलाचुलीको घरधुरी सर्भेक्षण २०७७ अनुरूपको खानेपानीसम्बन्धी वडागत विस्तृत विवरण तालिका १२ मा समावेश गरिएको छ ।




### ४.१३ बालबालिका बिरामी हुदा उपचार गर्ने क्षमता

चुलाचुली गाउँपालिकाका ४,५,६ वडामा बालबालिका रहेका १८२७ घरधुरीका अभिभावकहरू मध्ये आफ्ना छोरीछोराहरू बिरामी हुदा १००० घरधुरीका अभिभावकले उपचार गर्न सक्ने क्षमता भएका घरधुरीहरू ५५%, बिरामी हुदा समयमा उपचार गर्न नसक्ने घरधुरी ४५% रहेको अवस्था रहेको छ । ३२४ घरधुरीमा तत्काल बालबालिका नरहेकाले उपचार गर्न सक्ने र नसक्ने बारेमा केही पनि उल्लेख गरिएको छैन । बालबालिकाहरूको उपचारसम्बन्धी विस्तृत वडागत विवरण तालिका १३ मा समावेश गरिएको छ:




### ४.१४ बाल अधिकारसम्बन्धी जानकारी

चुलाचुली गाउँपालिका ४,५,६ वडामा रहेका अभिभावकहरूले आफ्ना छोरीछोराहरूको बीचार र भावना बुझेर उनीहरूका आधारभूत अधिकार परिपूर्ति गर्न बाल अधिकार बारे जानकारी हुन आवश्यक हुन्छ । घरधुरी सर्भेक्षण २०७७ अनुसार चुलाचुलीका ४,५,६ वडामा रहेका २१५१ घरधुरीमध्ये १०५६ घरधुरीमा बाल अधिकार सम्बन्धी जानकारी भएको देखाएको छ । बाल अधिकार बारे जानकारी भएको ४९.०९%, केही कुरा सुन्नेमा २२.५%जानकारी छैन भन्नेमा २१.२९% रहेको छ । बाल अधिकार बारेमा कुनै पनि कुरा उल्लेख



नगर्ने घरधुरी ७.१२% रहेको छ । ७१.५९% घरधुरीहरूलाई बाल अधिकारको वारेमा केही न केही जानकारी भएको अवस्था छ । बाल अधिकारसम्बन्धी जानकारी भएका र नभएका घरधुरीहरूको विवण निम्नानुसारको तालिका १३ मा समावेश गरिएको छ ।

### ४.१५ घरपरिवारमा निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता

बालबालिकाहरूलाई भविष्यमा कर्णधार बनाउन वर्तमान समयमा गरिने निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता गर्न आवश्यक रहन्छ । २९.९६ प्रतिशतको हिस्सामा रहेका बालबालिकारुलाई घरपरिवारमा हुने निर्णय प्रक्रियामा ५०.९१% घरपरिवारले मात्र चुलाचुली गाउँपालिका ४,५,६वडामा सहभागिता गराउदै आएको अवस्था छ । ४९.०९% घरधुरीले निर्णय प्रक्रियामा बालबालिकाहरूलाई समावेश गर्ने गरेका छैन । निर्णय प्रक्रियासम्बन्धी वडागत विस्तृत विवरण तालिका १३ मा समावेश गरिएको छ ।




### ४.१६ बालबालिकाको रोग र खोपसम्बन्धी जानकारी

बालबालिकाहरूको रोग र खोप सम्बन्धी १३६८घरधुरीलाई मात्र जानकारी भएको तथ्याङ्कले देखाएकोछ । बालबालिकाको रोग र खोप सम्बन्धी जानकारीको तह ६३.५९% सम्म रहेकोछ । ६४० घरधुरीलाई खोप र रोगसम्बन्धी जानकारी नभएको चुलाचुली गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त भएको छ । बालबालिकाको रोग र खोप बारे वडागत विस्तृत विवरण तालिका १३ मा समावेश गरिएकोछ ।



# इकाई–पाँच

## ५.शैक्षिक अवस्था

### ५.१ साक्षरता विवरण

चुलाचुली गाउँपालिकाको ४,५,६ वडामा ६ देखि १५ वर्षसम्मका ४२ जना बालबालिकाहरू निरक्षर रहेका छन् । १६ वर्षदेखि माथि उमेर समूहका ९७६ जना निरक्षर रहेका छन् । गाउँपालिकाको ४ देखि ६नं.वडामा बसोबास गर्ने २१५१ घरधुरीमा ९.८७ % निरक्षरता रहेको घरधुरी सर्भेक्षण २०७७ को तथ्याङ्कले देखाएको छ । प्रवेशिका भन्दा मुनीको शिक्षा लिनेहरूको सङ्ख्या २३१८ रहेको छ । तीनवटै वडाबाट प्राप्त तथ्याङ्क अनुसार विश्लेषण गर्ने हो भने ९०.१३% मानिसहरू सारक्षर रहेको पुष्टि गर्दछ । उमेरगत निरक्षरताको वडागत विवरण निम्नानुसार तालिमकामा प्रस्तुत गरिएको छः

| | निरक्षर | | | | | साक्षर | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | ६ देखि १५ वर्ष | | १६ देखि माथि | | जम्मा | ६ देखि १५ वर्ष | | १६ देखि माथि | | जम्मा |
| | बालिका | बालक | महिला | पुरूष | | बालिका | बालक | महिला | पुरूष | |
| ४ | ४ | ६ | १६८ | ९९ | २७७ | २६७ | ३१२ | ७४८ | ८२९ | २१५६ |
| ५ | ७ | १० | २६२ | १३६ | ४१५ | २०४ | २२९ | ६४१ | ७७४ | १८४८ |
| ६ | ३ | १२ | १९० | १२१ | ३२६ | २९८ | ३२३ | ८२७ | १०३३ | २४८१ |
| **जम्मा** | **१४** | **२८** | **६२०** | **३५६** | **१०१८** | **७६९** | **८६४** | **२२१६** | **२६३६** | **६४८५** |

### ५.१.२ शैक्षिक जनशक्ति विवरण

गाउँपालिकाको ४,५,६ वडा नम्बरमा १६ देखि माथि उमेर समूहका शैक्षिक जनशक्तिहरूको विवरणलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ । ११०८ जनाले प्रवेशिका, ३६७ जनाले प्रमाणपत्र तह, ८० जनाले स्नातक, ४१जनाले स्नातकोत्तर सम्म को शिक्षा लिएकाछन्।८०६ जना महिला र ७९८ जना पुरुष समेत १६०४जना शैक्षिक मानवीय जनशक्ति विद्यामानमा रहेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ । शैक्षिक जनशक्तिको वडागत तालिका १४ मा समावेश गरिएको छ ।




### ५.२ शैक्षिक संस्थाहरूको विवरण

चुलाचुली गाउँपालिकाका ४देखि ६ नं. वडामा १४ सामुदायिक र २ संस्थागत समेत १६ विद्यालयहरु रहेका छन । जसमा ५ माद्यमिक विद्यालय र १० आधारभूत विद्यालय रहेका छन । वडामा संस्थागत विद्यालयहरु रहेका छन । वडामा रहेका सामुदायिक विद्यालयहरुको विवरण निम्मनानुसार प्रस्तुत गरिएकोछ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री बालज्योति माध्यमिक विद्यालय | चुलाचुली -४ |
| २ | श्री किराँत चोलुङ आधारभूत विद्यालय | चुलाचुली -४ |
| ३ | श्री चुलाचुली अंग्रेजी स्कुल | चुलाचुली -४ |
| ४ | श्री पञ्चवृद्ध एकेडमी | चुलाचुली -४ |
| ५ | श्री बाझोगाउँ माध्यमिक विद्यालय | चुलाचुली -५ |

| | | |
|---|---|---|
| ६ | श्री भानु माध्यमिक विद्यालय | चुलाचुली -५ |
| ७ | श्री नारायण ज्योति आधारभूत विद्यालय | चुलाचुली -६ |
| ८ | श्री गीताञ्जली आधारभूत विद्यालय | चुलाचुली -६ |
| ९ | श्री सरस्वती आधारभुत विद्यालय | चुलाचुली -६ |
| १० | श्री सगरमाथा आधारभुत विद्यालय | चुलाचुली -६ |
| ११ | श्री सहिदस्मृति आधारभुत विद्यालय | चुलाचुली -६ |
| १२ | श्री मिक्लाचोङ माध्यमिक विद्यालय | चुलाचुली -६ |
| १३ | श्री राष्ट्प्रेमी माध्यमिक विद्यालय | चुलाचुली -६ |
| १४ | श्री सूर्योज्योति आधारभूत विद्यालय | चुलाचुली -६ |
| १५ | श्री देवीस्मृति आधारभुत विद्यालय | चुलाचुली -६ |
| १६ | श्री चुलाचुली आधारभूति विद्यालय | चुलाचुली -६ |

### ५.३ तहगत विद्यार्थी विवरण

चुलाचुली गाउँपालिका वडा नं.४,५,६ मा रहेका बालबालिकाहरू शैक्षिक संस्थाहरूमा आधारभूत र माध्यमिक तहमा छात्रा ११२५ र छात्र ११९३ समेत २३१८ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । आधारभूत तहमा ९२८ छात्रा र १०१५ छात्र समेत १९४२ जनाले अध्ययन गर्दै आएका छन् । माध्यमिक तहमा १९७ छात्रा र १७८ छात्र समेत ३७५जना अध्ययन गर्ने गरेको पालिकाको घरधुरी सर्भेक्षण र शिक्षा शाखाको तथ्याङ्कले देखाएकोछ । ४,५,६ वडामा पाँच वर्ष माथिका बालबालिकाहरूको सङ्ख्या २२७३ जना विद्यालयमा भर्ना भएको अवस्था रहेकोछ । गाउँपालिका १६ विद्यालयमा अन्य वडाका ४५जना बालबालिकाहरूको विद्यालयमा अध्ययनका लागि सहभागिता जनाएका छन । चुलाचुली गाउँपालिका४,५,६ का विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयगत विस्तृत विवरण तालिका २३ मा समावेश गरिएको छ । वडागत विद्यालय र छात्रा छात्रको विवरण नम्नानुसारको तालिकामा प्रस्तुत गरिएकोछ :




| वडा नं. | बाल विकास केन्द्र | विद्यालय | संचालित कक्षा | आधारभूत तह | | माध्यमिक तह | | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | छात्रा | छात्र | |
| ४ | ४ | ४ | ३२ | ४६४ | ५६० | ८९ | ८० | ११९३ |
| ५ | ३ | २ | २० | २३९ | २४६ | ७७ | ६६ | ६२८ |
| ६ | १० | १० | ६० | २२५ | २०९ | ३१ | ३२ | ४९७ |
| जम्मा | १७ | १६ | ११२ | ९२८ | १०१५ | १९७ | १७८ | २३१८ |

### ५.४ विद्यार्थी भर्नादर

चुलाचुली गाउँपालिका १ देखि ३ नं. वडामा ६-९, १०-१४ र १५-१८ वर्ष उमेर समूहका सामान्य क्षमता भएका १९ जना बालबालिकाहरू विद्यालय भर्ना भएका छैनन । गाउँपालिकका तीन वडाको घरधुरी सर्भेक्षण २०७७ को तथ्याङ्क अनुसार विद्यालय भर्ना हुन बाट वञ्चित बालबालिकाहरूको ०.८३% रहेको अवस्था छ ।गाउँपालिकाका तीन वडामा विद्यालय भर्ना नभएका बालबालिकाको उमेर र वडागत विवरण तालिकामा प्रस्तुत गरिएकोछ ।

| वडा | ६-९ वर्ष | | | १०-१४ वर्ष | | | १५ वर्ष माथी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० |
| ६ | ३ | ८ | ११ | १ | १ | २ | २ | १ | ३ |
| जम्मा | ५ | ९ | १४ | १ | १ | २ | २ | १ | ३ |

**५.५ बीचैमा विद्यालय छोड्ने सङ्ख्या र कारण**

चुलाचुली गाउँपालिका वडा नं.४,५,६ मा २३१८ विद्यार्थीहरू मध्ये १९ जना विद्यार्थीहरूले बीचैमा कक्षा छोड्ने गरेको स्थिति छ । बीचैमा विद्यालय छोड्नेको ०.८१% रहेको छ । बीचैमा विद्यालय छोड्ने र कारण तथा विद्यालयमा भर्ना नभएका विद्यार्थीहरूको वडागत विवरण निम्नानुसारको तालिकामा समावेश गरिएको छः

| वडा | बीचैमा विद्यालय छोड्ने | | | बीचैमा विद्यालय छोड्ने कारण |
|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | • वुवा आमा नभएर<br>• गरीवि र आर्थिक समस्या<br>• स्कुल जान मन नलागेर<br>• घरायसी काम र श्रममा काम गर्नु परेर<br>• साथीभाईको कुरामा लागेर<br>• घरको समस्या<br>• घरबाट विद्यालय नपठाउदा |
| १ | ० | १ | १ | |
| २ | ० | ५ | ५ | |
| ३ | ४ | ९ | १३ | |
| जम्मा | ४ | १५ | १९ | |

**५.६ छात्रवृत्तिसम्बन्धी विवरण**

चुलाचुली गाउँपालिकामा शिक्षा शाखाका अनुसार शैक्षिक सत्र २०७७ मा पालिकामा रहेका सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि ८ कक्षा सम्ममा अध्ययनरत सबै छात्रा र दलित छात्र समेतलाई छात्रवृत्ति प्रदान गरिएकोछ । शैक्षिक सत्रमा पनि विगतकै मूल्य मान्यताका आधारमा छात्रवृत्तिको रकम वितरण गरीदै आएको अवस्था छ।

**५.७ तहगत शिक्षक विवरण**

चुलाचुली गाउँपालिका वडा नं.४ देखि ६ मा रहेका शैक्षिक संस्थाहरूमा दरबन्दीका शिक्षकहरू ६३ जना र राहत शिक्षक २३ समेत ८६ जना शिक्षकहरू राज्यको तर्फबाट व्यवस्था गरिएको छ । समुदायमा आधारित २ विद्यालयमा आधारित १५ वटा गरी जम्मा १७ वटा बालविकास केन्द्रमा स.का १७ जना जनशक्तिहरूले शिक्षण सिकाइ गर्दै आएका छन् । निजीमा ४६ शिक्षकहरुले शिक्षण गर्दै आएका छन ।

**५.८ शिक्षक तालिम**

सामुदायिक विद्यालयमा रहेका सम्पूर्ण शिक्षकहरुले शिक्षक पेशागत तालिम पाएका छन् । स्थायी दरबन्दीमा रहेका शिक्षकहरूले दस महिने तालिम समेत लिएका छन् । तालिम लिएका शिक्षकहरूलाई पनि व्यवसायिक र अनुसन्धानात्मक तालिम दिने कार्य नियमित हुँदै आएको छ । निजी शिक्षक र संस्थागत विद्यालयमा हाल अध्यापन गराउदै आएका शिक्षकहरूलाई भने तालिमको व्यवस्था हुन नसकेको अवस्था विद्यमान रहेको छ ।

**५.९ विद्यार्थी तथा शिक्षकको अनुपात**

चुलाचुली गाउँपालिका अन्तर्गत वडा नं. ४ देखि ६ मा रहेका १६ वटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरू २३१८ जना अध्ययन रहेका छन् । तीनैवटा वडामा रहेका १४ सामुदायिक विद्यालयमा सरकारी तर्फबाट पारिश्रमिक लिने दरवन्दी,राहत र बाल कक्षा शिक्षक गरी १०३ जना शिक्षक रहेका छन् । उपयुक्त सङ्ख्यालाई आधार मानी गाउँपालिकामा तीनवटै वडामा रहेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने १६५६ विद्यार्थीलाई आधार मानी शिक्षक विद्यार्थीको अनुपात मापन गर्दा प्रति शिक्षक १७ जना विद्यार्थीह पर्ने घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ । विद्यार्थी शिक्षक अनुपातमा १४ सामुदायिक विद्यालय र बाल कक्षाको मात्र गणना गरिएकोछ । दुई सामुदायिक विद्यालयमा ६६२ जना विद्यार्थीहरुको शिक्षण सिकाइका लागि २९ जना शिक्षक व्यवस्था गरिएकोछ ।विद्यार्थी र शिक्षकको विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ :

*विद्यार्थी शिक्षक अनुपात विवरण*

| वड | शैक्षिक संस्था | सञ्चालित कक्षा | आधरभूत तह | | | | | माध्यमिक तह | | | | कुल जम्म | विद्यार्थी संख्या | प्रतिशिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दरवन्दी | राहत | निजि | वा.वि.के | जम्मा | दरवन्दी | राहत | निजि | जम्मा | | | |
| ४ | ४ | ३२ | १३ | ५ | २५ | ४ | ४७ | १ | ४ | ८ | १३ | ६० | ११९३ | ४४.२ |
| ५ | २ | २० | १७ | ७ | ५ | ३ | ३२ | २ | ० | १ | ३ | ३५ | ६२८ | २१.७ |
| ६ | १० | ६० | २६ | ६ | ६ | १० | ४८ | ४ | १ | १ | ६ | ५४ | ४९७ | १०.६ |
| जम्मा | १६ | ११२ | ५६ | १८ | ३६ | १७ | १२७ | ७ | ५ | १० | २२ | १४९ | २३१८ | १७ |

## ५.१० विद्यालयको भौतिक संरचना ( खानेपानी, शौचालय, खेलमैदान र भवन ) सम्बन्धी विवरण

चुलाचुली गाउँपालिका वडा नं.४देखि ६ सम्म रहेका १६ विद्यालयमा खानेपानीको व्यवस्था भएको छ । १६ वटै विद्यालयमा शौचालय रहेका छन् । शौचालयको प्रयोग समेत गरिदै आएको छ । तीनैवटा वडाका १६ विद्यालयमा ६१ वटा भवनमा १४९ वटा कोठा रहेको चुलाचुली गाउँपालिका शिक्षा शाखाको तथ्याङ्कले देखाएको छ । सामुदायिक विद्यालयको भौतिक पक्षको वडागत अवस्था विवरण निम्नानुसार समावेश गरिएको छ ।

**विद्यालयको भौतिक संरचनासम्बन्धी विवरण**

| क्र.स. | बिद्यालयको नाम | ठेगाना | खानेपानी | | शौचालय | | | खेलमैदान | | सङ्ख्यामा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ | छैन | छ | छैन | प्रयोग | छ | छैन | भवन | कक्षाकोठा |
| १ | श्री बालज्योति माध्यमिक विद्यालय | चुलाचुली -४ | √ | | √ | | √ | √ | | ९ | १४ |
| २ | श्री किराँत चोलुङ आधारभूत विद्यालय | चुलाचुली -४ | √ | | √ | | √ | √ | | ४ | ६ |
| ३ | श्री चुलाचुली अंग्रेजी स्कुल | चुलाचुली -४ | √ | | √ | | √ | √ | | ६ | २६ |
| ४ | श्री पञ्चवुद्ध एकेडमी | चुलाचुली -४ | √ | | √ | | √ | √ | | २ | ८ |
| ५ | श्री बाँझोगाउँ माध्यमिक विद्यालय | चुलाचुली -५ | √ | | √ | | √ | √ | | ७ | १५ |
| ६ | श्री भानु माध्यमिक विद्यालय | चुलाचुली -५ | √ | | √ | | √ | √ | | ६ | १० |
| ७ | श्री नारायण ज्योति आधारभूत विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | ३ | ७ |
| ८ | श्री गीताञ्जली आधारभूत विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | ६ | १२ |
| ९ | श्री सरस्वती आधारभुत विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | १ | २ |
| १० | श्री सगरमाथा आधारभुत विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | २ | ६ |
| ११ | श्री सहिदस्मृति आधारभुत विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | १ | ३ |
| १२ | श्री मिक्लाचोङ माध्यमिक विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | ४ | १३ |
| १३ | श्री राष्ट्प्रेमी माध्यमिक विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | ६ | १६ |
| १४ | श्री सूर्योज्योति आधारभूत विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | १ | ४ |
| १५ | श्री देवीस्मृति आधारभुत विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | १ | ३ |
| १६ | चुलाचुली आधारभूत विद्यालय | चुलाचुली -६ | √ | | √ | | √ | √ | | २ | ४ |
| | जम्मा १६ | | १६ | ० | १६ | ० | १६ | १६ | ० | ६१ | १४९ |

## ५.११ विद्यालय जान लाग्ने समय

चुलाचुली गाउँपालिका ४,५,६ वडाभित्र रहेका विद्यालय, गाउँपालिका भित्रका अन्य वडामा रहेका विद्यालयमा जान १५ मिनेट देखि १ घण्टासम्म लाग्ने अवस्था रहेकोछ । विद्यार्थीहरूलाई लाग्ने समयका आधारमा १५ देखि ३० मिनेटको समयमा नै अधिकाँश विद्यार्थीहरू आधारभूत विद्यालय सम्म पुग्ने गर्दछन् । माध्यमिक विद्यालय जान पनि

१५ देखि ३० मिनेटभन्दा बढी समय लाग्ने अवस्था देखिएकोछ । विद्यालय जाने समयको वडागत विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा | आधारभूत तह | | | | माध्यमिक तह | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १५ मिनेट भन्दा कम | १५ देखि ३० मिनेट सम्म | ३० मिनेट देखि १ घाण्टा सम्म | १ घण्टा भन्दा वढी | १५ मिनेट भन्दा कम | १५ देखि ३० मिनेट सम्म | ३० मिनेट देखि १ घाण्टा सम्म | १ घण्टा भन्दा वढी |
| ४ | ३० | ३८८ | ४ | १ | १४ | ४८ | १२ | ७० |
| ५ | ८८ | ९३ | ११२ | ३३ | २४ | ३० | ६२ | ३७ |
| ६ | १४७ | १८८ | २५ | ५४ | ४७ | ७८ | ३२ | २९ |
| **जम्मा** | **२६५** | **६६९** | **१४१** | **८८** | **८५** | **१५६** | **१०६** | **१३६** |

## ५.१२ बाल बिकास केन्द्र विवरण

चुलाचुली गाउँपालिका वडा नं.४,५,६ भित्र १७ वटा बाल विकास केन्द्र संचालनमा रहेका छन् । तीनैवटा वडामा १८२ बालिका २५३ बालक समेत ४३५जना बालबालिकाहरु भर्ना भएकाछन । वडागत बाल विकास केन्द्रका सहभागिहरुको विवरण निम्नानुसारको तालिकामा समावेश गरिएकोछ ।

| वडा | बाल विकास सङ्ख्या | बाल विकास केन्द्रका सहभागि | | जम्मा |
|---|---|---|---|---|
| | | बालिका | बालक | |
| ४ | ४ | ११३ | १७८ | २९१ |
| ५ | ३ | ४० | ५३ | ९३ |
| ६ | १० | २९ | २२ | ५१ |
| जम्मा | १७ | १८२ | २५३ | ४३५ |

# इकाई– छ

## ६. बाल संरक्षण

बालबालिकाहरूलाई खान लाउन, शिक्षा र सहभागिता गराएर मात्र पुग्दैन । बालबालिकाहरूको लागि संरक्षण, विकास र सहभागिताका लागि आवश्यक पर्ने आधारभुत कुराहरूको जरुरत पर्छ । बालबालिका लागि मायाँ ममता, आत्मसम्मान लागि हेला दुर्व्यवहार बाट संरक्षण हुन जरुरी रहन्छ । संरक्षण विना बालबालिकाको बचावट, विकास र सहभागिता हुन्छ भनिन्छ भने त्यहाँ बालबालिकाहरूको चौतर्फी विकास कदापी हुन सक्दैन । बाल संरक्षणको क्षेत्रसँग सम्बन्धित अवस्था विश्लेषण गर्नुभन्दा पहिला बालबालिकाहरू घर विद्यालय र समाजमा उनीहरूलाई कसरी हेरिन्छ, कस्तो खालको व्यवहार र सोच राख्ने प्रचलन छ भन्ने कुराको परिवेश विश्लेषण गर्न अत्यावश्यक हुन्छ । चुलाचुली गाउँपालिकाका ४,५,६ वडामा गरिएको घरधुरी सर्भेक्षण २०७७ अनुसार गालीगलौज गर्ने, कुटपिट गर्ने, खानामा बन्देज लगाउने, शिक्षा र पोशाकमा गरिएको भेदभावबाट बालबालिकाहरू पीडीत बनेको अवस्था छ । बालबालिकाहरू घरपरिवारमा हुने कुटपिटजस्ता अमानवीय क्रियाकलापबाट पिडीत बनेका छन् । विद्यार्थीहरूलाई विद्यालयमा गरिने कुटपिट, कान समातेर उठवस, कक्षाकोठाबाट बाहिर निकाल्ने र बेञ्चमा उभ्याउने हिंशा तथा दुर्व्यवहारबाट पिडीत रहेका छन् । बालबालिकाहरूले गल्ती गरेमा १४९० घरपरिवारमा सम्झाउने पनि गरिएको स्थिति तथ्याङ्कले देखाउछ । घरपरिवार,विद्यालय तथा समुदायमा बालबालिकामाथि गरिएको दुर्व्यहार,हिंशा,कुटपिट तथा अमानवीय क्रियाकलापहरूको सङ्ख्या प्रस्तुत गरिएकोछ । बालबालिका माथि गरिएको दुर्व्यवहारको विस्तृत वडागत विवरण तालिका १५ मा समावेश गरिएको छ ।




### ६.१ द्वन्द्व पीडित तथा जोखिममा परेका वालबालिकासम्बन्धी विवरण

| *बालिका* | *बालक* | *जम्मा* | *कैफियत* |
|---|---|---|---|
| ० | ० | ० | घरधुरी सर्भेक्षण २०७७बाट तथ्याङ्क प्राप्त नभएको |

### ६.२ विस्थापित बालबालिकासम्बन्धी विवरण

| *बालिका* | *बालक* | *जम्मा* | *कैफियत* |
|---|---|---|---|
| ० | ० | ० | घरधुरी सर्भेक्षण २०७७ बाट तथ्याङ्क प्राप्त नभएको |

### ६.३ बाल श्रमिकसम्बन्धी विवरण

चुलचुली गाउँपालिकाका ४,५ र ६ वडामा बाल अधिकार प्रबर्द्धन र संरक्षणका लागि बाल क्लव, संघसंस्थाहरू, राजनीतिक दल लगायत सरोकारवालाहरूले बालबालिकाहरूलाई नसक्ने काम नलगाउने साथै कसैले पनि बाल श्रमिक प्रयोग गर्नु हुदैन भन्ने कानूनी मान्यताको पालना गरी चुलाचुलीमा १६ वर्ष मुनीका कुनै पनि बालबालिकाहरू श्रमिकको रूपमा नरहेको घरधुरी सर्भेक्षण २०७७ तथ्याङ्कले देखाएकोछ । पाँच नम्वर वडामा ५ जना बालबालिकाहरू घरेलु कामदारको रूपमा रहेको तथ्याङ्कले देखाएकोछ ।

## ६.४ भिन्न क्षमताका बालबालिका अनुकुल विद्यालयका भौतिक संरचना

घरपरिवार देखि विद्यालयस्तरमा रहेका संरचनाहरु बालबालिको उमेर,क्षमता र अवस्था अनुकुलका निर्माण गर्दै लैजानु पर्दछ ।चुलाचुली गाउँपालिका वडा नं.४,५,६ वडामा बाल अनुकुलका संरचनाहरुको व्यवस्थापन छ छैन भनि गरिएको सर्भेक्षणमा सो वारे कम जानकारी भएको निम्नानुसारको तालिकामा रहेको तथ्याङ्कले देखाएकोछ ।

| वडा | छ | छैन | थाहा छैन | केही पनि उल्लेख नगर्ने |
|---|---|---|---|---|
| ४ | ४ | ५९१ | २ | कुनै बीचारहरु उल्लेख नगरिएको |
| ५ | १७ | ५७३ | ९ | ,, |
| ६ | ५ | ६३९ | २२ | ,, |
| जम्म | २६ | १८०३ | ३३ | |

## ६.५ बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी विवरण

बाल अधिकार प्रवर्द्धन र संरक्षण सम्बन्धी कार्यक्रमका लागि बाल क्लव,संघसंस्थाहरू,राजनीतिक दल लगायत सरोकारवालाहरू सबै पक्षबाट बालबालिकाहरूलाई सम्मान पूर्वक व्यवहार गर्ने र उनीहरूलाई पनि यौन शिक्षा सम्बन्धी जनचेतना दिदै आइएको छ । यद्यपी चुलाचुली गाउँपालिकाका तीनवटा वडामा यौन शोषणबाट ४६ जनाबालबालिकाहरू प्रभावित भएका छन् । बेचविखनको घटना नभएको अवस्था रहेको भएतापनि यौनशोषण जन्य दुर्व्यवहारबाट ३१ जना बालबालिका प्रभावित भएको घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त भएकोछ । यौनशोषण सम्बन्धि वडागत विवरण तालिकामा प्रस्तुत गरिएकोछ ।

| वडा | यौनशोषण घटनाबाट प्रभावित |
|---|---|
| ४ | ११ |
| ५ | ८ |
| ६ | १२ |
| जम्म | ३१ |

## ६.६ सडक बालबालिकाको विवरण

बालबालिकाहरूको भावनाको सुनुवाई र उनीहरूको बचावट, संरक्षण, विकास र अर्थपूर्ण सहभागिताका लागि अभिभावक, समुदाय र स्थानीय तहको दायित्व हो । कुनै पनि बालबालिकाहरूले सडक जिवन बिताउन बाल अधिकार हनन् हुनु हो । गाउँपालिकाका ४,५,६वडामा २ बालिका र ४ बालक सहित ६ जना सडक बालबालिका रहेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ । तीन वडामा ०.१९ प्रतिशत सडक बालबालिका रहेकाछन । वडागत विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएकोछ ।

| वडा | सडक बालबालिका | |
|---|---|---|
| | बालिका | बालक |
| ४ | ० | ० |
| ५ | २ | ० |
| ६ | ० | ४ |
| जम्मा | २ | ४ |

## ६.७ कुलतमा लागेका बालबालिकाको विवरण

बालबालिकाहरूलाई कस्तो बनाउने भन्ने कुराको निर्धारण र उसको परिवार साथै सामाजिक वातावरणले असर पार्दछ । राम्रो वानी व्यवहार अवलम्वन गर्ने परिपाटीको विकासको सुरुवात घरपरिवारबाटै गराउन आवश्यक हुन्छ । बालबालिकाहरूले आफ्ना लागि के सहि के गलत छुटियाउन सक्दैनन् । चुलाचुली गाउँपालिकाका ४,५,६ वडामा १८ वर्ष मुनिका ७ जना बालकहरूले धुमपानको प्रयोग गर्ने गरेका छन् । ३ जना बालकले नसालु पदार्थको सेवन गर्दै आएको अवस्था छ । १४ जना बालकहरू कुलतमा संलग्न रहेको अवस्था छ । जुन कुल बालबालिकाको सङ्ख्यामा ०.४५% हुन आउँछ । कुलतमा लागेका बालबालिकाहरूको वडागत विवरण निम्नानुसार रहेको छ:

कुलतमा संलग्न बालबालिका

| वडा | बालिका | | | बालक | | |
|---|---|---|---|---|---|---|
| | धुम्रपान गर्ने | नशालु पदार्थ सेवन गर्ने | जम्मा | धुम्रपान गर्ने | नशालु पदार्थ सेवन गर्ने | जम्मा |
| ४ | ० | ० | ० | १ | १ | २ |
| ५ | ० | ० | ० | १ | ० | १ |
| ६ | ० | ३ | ३ | ५ | ३ | ८ |
| **जम्मा** | ० | ३ | ३ | ७ | ४ | ११ |

## ६.८ मृत्यु हुने बालबालिका

| *बालबालिको संख्या* | *कैफियत* |
|---|---|
| १ बालिका र २ बालक समेत ३ जना | चुलाचुली गाउँपालिकाका वडा ५ मा २ जना र ६ मा १ जना समेत ३ जना बालबालिका अन्य रोगका कारण मृत्यु भएको घरधुरी सर्भेक्षण २०७७ बाट सङ्ख्या देखाएकोछ। |

## ६.९ जाडो तथा गर्मीका कारण मृत्युहुने गर्भवती महिला तथा बालवालिका तथा प्राप्त गर्ने पोशाक

| बालिका | बालक | गर्भबती महिला | कैफियत |
|---|---|---|---|
| ० | ० | ० | चुलाचुली गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७ ले जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवति तथा बालबालिकाहरूको सङ्ख्या नदेखाएको । |

बालबालिकाहरूलाई जाडोबाट बचाउन उचित पोशाकको व्यवस्था हुनु पर्दछ । चुलाचुली गाउँपालिका वडा नं४ देखि ६ वडामा रहेका बालबालिकाहरूलाई अभिभावकहरूले वार्षिक एक जोर देखि चार जोरसम्म पोशाक दिएको स्थिति छ । एक जोरसम्म पोशाक पाउने बालबालिका ०.४१ प्रतिशत, दुई जोर पोशाक पाउने बालबालिका ७.९५ प्रतिशत, तीन जोरसम्म पोशाक पाउने बालबालिका २९.१०% र चार जोर वा सोभन्दा माथि पोशाक पाउने बालबालिका ४२.४४प्रति रहेको छ । वार्षिक रूपमा चार जोर सम्म पोशाक पाउने बालबालिका सबै भन्दा धेरै रहेको देखिन्छ। पोशाकको व्यवस्था सम्बन्धी वडागत विस्तृत विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ:

| वडा | १ जोर | २ जोर | ३ जोर | ४जोर |
|---|---|---|---|---|
| ४ | ५ | ३२ | ७६ | ४७९ |
| ५ | ३ | ५१ | १७२ | २८५ |
| ६ | १ | ८८ | ३७८ | १४९ |
| जम्मा | ९ | १७१ | ६२६ | ९१३ |
| प्रतिशतमा | ०.४१ | ७.९५ | २९.१० | ४२.४४ |

## ६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

गाउँपालिका ४ देखि ६ नं.वडामा रहेका ३०९० जना वालबालिकाहरू मध्ये १६ जना बालबालिकाहरू बाल गृहको हेरचारमा छन् । बालगृहमा ०.५२% बालबालिकाहरू रहेका छन् । बाल गृह तथा संस्थागत हेरचारमा रहेका बालबालिकाको वडागत विवरण रेखा चित्रमा प्रस्तुत गरिएको छ:




## ६.११ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

बालबालिकाको चौतर्फी विकासका लीग उसको गर्भावस्थादेखि सुरक्षित भएर आउन पर्दछ। गर्भवती महिला तथा सुत्केरी आमाहरूले समयमा नियमित खानपान, आराम र पोषण युक्त खाना खान अति जरुरी हुन्छ। आमाहरूको उचित खानपानका लागि प्रत्येक घरधुरीको १२ महिना पुग्नु पर्दछ। चुलाचुली गाउँपालिका वडा नं.४,५,६ भित्र

रहेका २१५१ घरधुरी मध्ये आफ्नो पेशा व्यवसाय र आम्दानीले वर्ष दिनसम्म नपुऱ्याउने १६४९ घरधुरी रहेको अवस्था छ । औषत प्रति घरधुरी २ जनाका दरमा रहेका बालबालिकाहरूको स्वास्थ्य सुधार ल्याउन १२ महिनासम्म खान नपुऱ्याउने ७६.६६% घरधुरीका अभिभावकहरूलाई आय आर्जनका क्रियाकलापमा संलग्नता गराउन आवश्यक देखिन्छ । मानवीय विकासका लागि नभई नहुने आधारभूत शर्त खाद्यन्न हो । विहान बेलुका के खाउ भन्ने स्थितिमा रहेका घरधुरीका बालबालिकाहरूको पोषण, शिक्षा र स्वास्थमा नकारात्मक प्रभाव पर्दछ । गाउँपालिका तीनवटा वडामा आफ्नो पेशा व्यवसाय र खेतीपातीले १२ महिना खान पुऱ्याउने घरधुरी ५०२ रहेको छ जुन २३.३४ %हुन आउछ । आफुले खाएर पनि बचत हुने ६ घरधुरी रहेको स्थिति छ । गाउँपालिकामा खाद्यन्न पर्याप्तताको घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त वडागत विवरण तालिका १७ मा समावेश छ ।




### ६.१२ घरको विवरण विवरण

चुलाचुली गाउँपालिका वडा नं.४ देखि ६ मा बसोबास गर्ने २१५१ घरधुरीहरुमा खरका छानो घर भएका २.६ प्रतिशत,जस्तापाता भएका घर ९५.६% र छत ढलान भएका घर १.८% रहेको घरधुरी सर्भेक्षण २०७७ ले जनाएको छ । घरसम्बन्धी वडागत विस्तृत विवरण तालिका १८ मा समावेश गरिएको छ:




### ६.१३ गाई वस्तुबाध्ने ठाउँभन्दा अलग्गै घर र बालबालिका वस्ने र पढ्ने कोठा

बालबालिकाहरू चौतर्फी विकासका लागि बस्ने घरमा बालबालिकाको उमेर र परिपक्कताका आधारमा वयस्कहरू भन्दा छुट्टै वस्ने र पढने कोठाको व्यवस्था हुन पर्दछ । बालबालिकाहरूको लागि वस्ने र पढने छुट्टै कोठा भएका घरधुरीहरू ३९.६% रहेका छन् । ५५.४% घरधुरीमा बालबालिकाहरूका लागि अलग्गै सुत्ने कोठा नभई संयुक्तरुमा नै बस्ने गरेका छन् । चुलाचुली गाउँपालिका वडा नं. ४ देखि ६ मा ९०.७८% घरहरू गाईवस्तु बाँध्ने स्थानभन्दा अलग्गै रहेका छन् । चुलाचुली गाउँपालिकाका वडा नं ४,५,६ मा रहेका घरधुरीहरु मध्ये बालबालिकाको लागि वस्ने र पढने कोठा भएका घरहरु कम रहेका मध्ये पनि ४ नं वडामा कम घरधुरीमा बालबालिका बस्ने र पढने कोठाको व्यवस्था गरिएकोछ । घर र वस्ने पढने कोठा वारेको विवरण निम्नानुसार रहेको छ ।

| वडा | बालबालिका वस्ने र पढ्ने कोठा अलग्गै |  | मानिस वस्ने घर र गाई वस्तु वाध्ने गोठ अलग्गै छ |  |  |
|---|---|---|---|---|---|
|  | छ | छैन | छ | छैन | गोठ अलगै भएपनि गोठमाथि सुत्ने गरेको |
| ४ | १७ | ५४५ | ६९७ | ४८ | ० |
| ५ | २६५ | २६२ | ५४९ | ४३ | ० |
| ६ | ४४० | २०३ | ७०६ | ३५ | १ |
| जम्मा | ७२२ | १०१० | १९५२ | १२६ | १ |
| प्रतिशतमा | ३९.६ | ५५.४ | ९०.७८ | ५.८६ | ०.१ |

### ६.१४ बालबालिकाको सहभागिता सम्बन्धी विवरण

भविष्यका कर्णधारका रूपमा रहेका बालबालिकाहरूलाई वर्तमानमा साझेदार बनाउन उनीहरूको संस्थागत सहभागिता सुनिश्चित गर्नु पर्ने हुन्छ। स्थानीय तहमा रहेका विद्यायलय र स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता हुन सकेको अवस्था छैन । चुलाचुली गाउँपालिकाको वडा नं.४,५,६ भित्र रहेका १०-१८ वर्ष मुनीका बालिका ७९९ र बालक ७८१ समेत १५८० बालबालिकाहरू मध्ये कसैलाई पनि संस्थागत रुपमा सहभागिता गराईएको छैन । बालबालिकाहरूलाई व्यक्तिगत तवरले मात्र सहभागिता गर्नुले स्थानीय तहमा पनि सहभागिता गरिएकोछ । घरधुरी सर्भेक्षण २०७७ अनुरूप स्थानीय तहमा बालबालिकाको सहभागिताको अवस्थालाई निम्नानुसारको तालिका समावेश गरिएको छ । स्थानीय तहको योजना तर्जुमा गर्दा बालबालिकाहरुको संस्थागत सहभागिता हुन सकेको अवस्था छैन ।

| वडा | स्थानीय तहमा | | स्थानीय तहको योजना तर्जुमा | | स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा | | विद्यालय व्यवस्थापन समितिमा | | बाल क्लव,बालमैत्री स्थानीय शासन समिति,बाल संजाल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## इकाई– सात

### ७. आर्थिक विकास

### ७.१ पेशा तथा रोजगारीको अबस्थासम्बन्धी विवरण

चुलाचुली गाउँपालिकाका ४ देखि ६ वडाभित्र बसोवास गर्ने नागरिकहरूको पेशा तथा तथा रोजगारीमा सबैभन्दा बढी ३४११ जना कृषी तथा पशुपालन र फलफूल पेशमा जना, बैदेशिक रोजगारीमा ७०१ जना, ज्याला मजदुरीमा ४६१जना निर्भर रहेका छन् ।१९२जना व्यापार व्यवसायमा, १३६जना अन्य पेशामा,१२६ जना सेवा नोकरीमा समेत ५०२७ जना व्यवसाय तथा रोजगारीमा रहेका छन् । उपयुक्त चार्टअनुसार चुलाचुली गाउँपालिकाका ४,५,६ वटा वडामा मुख्य पेशा, व्यवसाय तथा रोजगारीमा लाग्नेहरू ६९.५८% वयस्कहरू रहेकाछन् । व्यवसाय सम्बन्धी विस्तृत वडागत विवरण तालिका ३ मा समावेश गरिएको छ ।




### ७.२ चौध देखि सोह्र वर्षसम्मका बालबालिकाको रोजगारीमा संलग्नता

१८वर्ष माथिका बालबालिकाहरू पेशा र व्यवसायमा आर्कषण हुनु सकरात्मक पक्ष हो । अझै पनि अभिभावकहरूले पढ्ने उमेरका बालबालिकाहरूलाई समेत उनीहरूको पढाईमा असर पुग्ने गरी पेशा व्यवसायमा संलग्न गराउने गरिन्छ । चुलाचुली गाउँपालिका ४,५,६ वडामा रहेका १४ वर्षदेखि १६ वर्षसम्मका ३१जनालाई कृषी खेती तथा पशुपालन पेशा र ४ जनालाई ज्याला मजदुरीमा लगाएको विद्यमान स्थिति रहेको छ । घरधुरी सर्भेक्षण २०७७ अनुसार १४ देखि १६ वर्ष उमेर समूहका ७१८ जनामा ४.८७% पेशामा सहभागिता रहेको अवस्था छ । बालबालिकाहरू पेशा व्यवसायमा संलग्नताको वडागत विवरण निम्नानुसार तालिकामा समावेश गरिएको छः

| वडा | कृषि(खेली तथा पशुपालन) | | | व्यापार | | | जागिर सेवा | | | ज्यालदारी मजदुरी | | | उद्योग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ० | ० | ० |
| ६ | १३ | १८ | ३१ | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १३ | १८ | ३१ | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ० | ० | ० |

### ७.३ रोजगारीको लागी बिदेशमा गएका व्यक्तिहरूको विवरण

चुलाचुली गाउँपालिका वडा नं.४ देखि देखि ६ नं. वडाबाट रोजगारीको शिलशिलामा नेपालभित्रका अलवा वैदेशिकक्षेत्रमा पुग्ने गर्दछन् । भारत लगायत अन्य देशहरू सम्म पुग्ने गरेका छन् । जसमा पुरुषहरूको तुलनामा महिलाहरू बैदेशिक रोजगार जाने सङ्ख्या कम रहेको छ । घरधुरी सर्भेक्षण तथ्याङ्क २०७७ अनुसार ११५८ जना वैदेशिक रोजगारीमा गएको अवस्था छ । गाउँपालिकाका तीनवटा वडाबाट १६.०२ %वैदेशिक रोजगारीमा रहेको तथ्याङ्कले देखाएको छ । वैदेशिक रोजगारमा जानेहरूको विस्तृत वडागतविवरण निम्नानुसार तालिका समावेश गरिएको छः

| वडा | विदेश गएकाको सङ्ख्या | | | गएको मुलकको नाम | | गएको अवधि | | रोजगारीकामा गएका अन्य देशहरु |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | भारत | अन्य | ५ वर्ष भन्दा कम | ५ वर्ष भन्दा बढी | साउदी,कतार,दवई,कोरिया,मलेसिया,अर्फिका,कुवेत,बराइन,इराक, ओमन, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २८ | १७४ | १९८ | ९ | ० | १३५ | ३३ | अमेरिका,साइपरस,अफगानिस्तान , |
| ५ | ३८ | १२४ | १५९ | २ | ० | १२४ | २६ | हङकङ,जापन,सिङगारपुर र पोर्चुगल |
| ६ | ४५ | २९० | ३३४ | ५ | ० | १७३ | ४५ | |
| जम्मा | १११ | ५८८ | ६९१ | १६ | ० | ४३२ | १०४ | १७ देश भारत बाहेक |

### ७.४ दैनिक कार्य घण्टा विवरण (महिला,पुरुष)

चुलाचुली गाउँपालिकाका ४,५,६ वडामा बसोवास गर्ने मानिसहरूको मुख्य पेशा खेती तथा पशुपालन र कृषी जन्य बस्तुहरूको उत्पादन भएको हुदाँ आबश्यकता अनुसार बिहान बेलुका पनि कृषी तथा अन्य घरायसी कार्य गर्दछन् । सामान्यतया छिमेकीहरूको एक आपसमा सहयोग गर्दा १० बजे देखी ५ बजे सम्म करीब ७ घण्टा रहेको छ । महिला तथा पुरुष दुबैको निम्ति बाहिरी काममा समान रहेको भएता पनि पुर्नउत्पादन कार्यमा महिलाहरूले बढी समय खर्च गर्ने गर्दछन् । बिहान र बेलुकाको समयमा गरिने कार्यका लागि महिलाले पुरा समय दिनु परेकोछ । पारिवारिक कार्यमा पुरुष र महिलाको कार्य समन भए पनि सामुदायिक कार्य र निर्णय गर्ने तहमा पुरुषको अध्याधिक सहभागिता बढी भएको माथिको चार्टले स्पष्ट पार्दछ । नियन्त्रण पुरुषहरूको नै रहेकोछ छ ।




महिलाहरू घरायसी कार्यमा व्यवस्तता हुनाले आफ्नु बालबालिकाको स्वास्थ्य सरसफाई र सामाजिक गतिविधिमा समेत समय व्यवस्थापन गर्न असमर्थ रहेको छ । महिला र पुरुषको काममा समान सहभागिता हुन सकेमा महिलाहरूको कार्यबोझमा कमी आई उनीहरूले पनि आय आर्जनका कार्यमा संलग्न भई स्वालम्वी बन्न सहयोग पुग्दछ । महिला र पुरुषमा सरसहयोग गर्ने बानीको विकास भए पछि शिक्षा लिन सक्छन् । महिला र परुषले गर्ने कामको बाँडफाँड सम्बन्धी वडागत विस्तृत विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ ।

### ७.५ खाना पकाउन प्रयोग गरिने इन्धन

चुलाचुली गाउँपालिका वडा नं.४,५,६ ग्रामिण क्षेत्रमा रहेको छ । गाउँपालिकाका तीन वडामा बसोबास गर्ने अधिकाँश मानिसहरूको खाना पकाउने इन्धनका रूपमा ७५.९ प्रतिशत दाउराको प्रयोग गर्ने गरिएको छ । गोवरग्यास४.४प्रतिशत, एल.पि.ग्यास २.५ प्रतिशत, मट्टीतेल १८ प्रतिशत र अन्य उपायहरूको समेत अवलम्वन गरी खाना पकाउने गरिएकोछ । खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिएका स्रोतहरू घरधुरी सर्भेक्षण २०७७ को विवरण पाई चार्टमा प्रस्तुत गरिएको छ । खाना पकाउन प्रयोग गरिएको इन्धन सम्बन्धी विस्तृत वडागत



विवरण तालिका १९मा समावेश गरिएको छ ।

### ७.६ खाना पकाउन प्रयोग गरिने चुल्लोको किसिम

चुलाचुली गाउँपालिका वडा नं.४ देखि ६ मा बसोबास गर्ने घरधुरीमा ५८.९% अगेनो वा माटोको चुल्होमा नागरिकहरूले खाना पकाउन प्रयोगमा ल्याएका छन् । १६.८% मात्र धुवाँरहित चुल्हो रहेकाछन। १०.४ % ग्यास चुल्होको प्रयोगमा ल्याएको अवस्था छ । खाना पकाउनका लागि लागि दाउराको प्रयोगले परम्परागत चुल्हो,ग्यास चुल्हो, धुवाँरहित चुल्हो, स्टोभ र ग्यास चुल्होसमेतको प्रयोग गर्ने गरिएकोछ । महिला र बालबालिकाहरूको स्वास्थ्यमा सुधार ल्याउन सुधारिएको चुल्होलाई प्रवर्द्धन गर्न आवश्यक रहेको देखिन्छ । गाउँपालिकाद्वारा गरिएको घरधुरी सर्भेक्षण २०७७ का अनुसार चुल्हो प्रयोगको विवरण निम्नानुसार रहेको स्थिति छ । खाना पकाउन प्रयोग हुँदै आएका चुल्होको किसिमहरूको वडागत विस्तृत विवरण तालिका १९मा समावेश गरिएको छ ।




### ७.७ सञ्चारका साधनहरूको प्रयोग र पहुँच

चुलाचुली गाउँपालिका ४ देखि ६ वडामा रहेका बसिन्दाहरूमा सञ्चार साधनहरूको प्रयोगमा उल्लेखनीय पहुँच वृद्धि भएको अवस्था छ । सञ्चार क्षेत्रमा भएको विकास र विस्तारले पारेको प्रभावले सबैको हातमा मोवायलको पहुँच रहेको रहेको छ । रेडियो, टेलीभिजन, इन्टरनेट, रेडियो, पत्रपत्रिकाजस्ता सञ्चारका सधानहरूको उपयोग गर्न थालिएको छ । सञ्चार साधानको प्रयोग र पहुँचले मानवको विकासमा प्रत्यक्ष प्रभाव पार्नुको साथै सूचना पाउने अधिकार सुनिश्चित पनि गर्दछ । चुलाचुली गाउँपालिकाका तीनवटा वडामा प्रयोगमा आएको सञ्चारका साधानहरूमा मोवायल, टेलीभिजन र रेडियो प्रयोग उल्लेखनीय रहेको अवस्था छ । इन्टरनेट र पत्रपत्रिकाको न्यून मात्र पहुँच रहेको स्थितिछ । घरधुरी सर्भेक्षण २०७७ का अनुसार सञ्चारका साधनहरूको विवरण निम्नानुसार तालिकामा समावेश गरिएको छ:

**सञ्चारका साधनमा पहुँचसम्बन्धी विवरण**

| वडा | रेडियो | टि.भि. | टेलीफोन | मोवायल | इमेल इनटरनेट | नियमित आउने पत्रपत्रिका | |
|---|---|---|---|---|---|---|---|
| ४ | ७७ | ३३४ | ३ | ६९७ | ८२ | १ | |
| ५ | १५२ | २५३ | ७ | ५३८ | ६० | २ | |
| ६ | २७५ | ३४० | १६ | ६९० | १५ | ० | |
| जम्मा | ५०४ | ९२७ | २६ | १९२५ | १५७ | ३ | |
| प्रतिशत | २३.४ | ४३.१ | १.२ | ८९.५ | ७.३ | ०.१ | |

### ७.८ मानवीय जनशक्ति निर्माणका लागि तालिम र क्षमता विकास

समाजको समृद्धि र विकासका लागि स्थानीय तहमा रहेका मानवीय संसाधनको क्षमता विकास गर्न आवश्यक हुन्छ । चुलाचुली गाउँपालिका वडा नं.४,५,६मा रहेका नागरिकहरूले स्वास्थ्य, एच.आई.भि. र एडससम्बन्धी ६१ जना, सशक्तिकरण र लैगिंक समविकासमा १४ जना, बाल विकास तथा नेतृत्व विकासमा १४ जना र खानेपानी सरसफाइ तथा उपभोक्ता समितिसम्बन्धी ३९ जनाले तालिम लिएका छन् । स्वास्थ्य सरसफाई, सशक्तिकरण र नेतृत्व विकाससम्बन्धी तालिम लिने दक्ष जनशक्तिहरू १२८ जनामात्र रहेको घरधुरी सर्भेक्षण २०७७ को तथ्याङ्क अनुसारको विषयगत तालिम लिनेहरूको विवरण निम्नानुसार उल्लेख गरिएको छ:

**क्षमता विकास सम्बन्धि तालिम लिएको मानवीय जनशक्ति विवरण**

| शीर्षक | वडा ४ | | | वडा ५ | | | वडा ६ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| स्वास्थ्य,एच.आइ भि.र एड्स तथा सुरक्षित मातृत्व र परिवार नियोजन | २ | २ | ४ | १ | ३ | ४ | २८ | २५ | ५३ | ३१ | ३० | ६१ |
| सशक्तिकरण र लैंगिक सम विकास | ० | ० | | १ | १ | २ | ९ | ३ | १२ | १० | ४ | १४ |
| बाल विकास तथा नेतृत्व विकास | ० | ० | | १ | २ | ३ | ८ | ३ | ११ | ९ | ५ | १४ |
| खानेपानी र सरसफाई तथा उपभोक्ता समिति | ० | ० | | १ | २ | ३ | २२ | १४ | ३६ | २३ | १६ | ३९ |

### ७.९ संस्थागत सहभागिता

चुलाचुली गाउँपालिका वडा नं.४ देखि ६वडामा रहेका नागरिकहरू ५३८ घर सामुदायिका संघसंस्थामा, ६५ घर कृषक समूहमा, ५६७ घरपरिवार सहकारी संस्थामा र अन्य १ समेत १२०६ घरधुरीको सहभागिता रहेकोछ । चुलाचुलीका वडा नं.४ देखि ६ मा रहेका कुल घरधुरीहरू मध्ये ५६.०६% घरधुरीहरू सामुदायिक संघसंस्थामा आब्द्धता रहेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएकोछ सामुदायिक संघसंस्थामा आब्द्धता हुनेहरूको वडागत विस्तृत विवरण तालिका २० मा समावेश गरिएको छ।




### ७.१० आम्दानी र खर्च

चुलाचुली गाउँपालिका वडा नं.४,५,६ का नागरिकहरूले आफ्नो पेशा व्यवसायबाट वार्षिक पाँच हजार देखि ४ लाख १० लाखसम्म आम्दानी हुने घरधुरीहरू रहेका छन् । आम्दानी गरिएको रकमबाट खाना, शिक्षा,स्वाथ्य, चाडपर्व लगायतका शीर्षकमा खर्च गर्ने गरेका छन् । आधारभूत आवश्यकता पुरा गर्न समेत ऋण गर्नु पर्ने घरधरीहरू समेत रहेका छन् । आम्दानीबाट वार्षिक ५ हजार देखि ४ लाख ३० हजारसम्म वचत गर्ने घरधुरी मा रहेको छ । वडागत आम्दानी र खर्चको औषत अनुपातलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ:

| वडा | आम्दानी औषतमा | खर्च औषतमा |
|---|---|---|
| ४ | २० हजार देखि १२ लाख २० हजार सम्म | खना, शिक्षा,औषधि उपचार, चाड पर्वमा बढी |
| ५ | ४० हजार देखि ६ लाख सम्म | ,, |
| ६ | १५ हजार देखि ३० लाख ५० हजार सम्म | ,, |

### ७.११ ऋण र उद्देश्य

चुलाचुली गाउँपालिका वडा नं ४ देखि ६ सम्म रहेका २१५१ घरधुरीहरू मध्ये १२६६ घरधुरीहरूले वित्तीय संस्था तथा साहुमाजन बाट ऋण लिईएका छन् । वित्तीय संस्था र साहुमाहजनबाट ऋण लिई शिक्षा, औषधि उपचार, विवाह र घरायसी कार्यमा खर्च गरिएको पाईएको छ । ऋण लिएर व्यापार र व्ययवासय गर्नेको सङ्ख्या कमै रहेको अवस्था रहेको घरधुरी सर्भेक्षण २०७७ ले देखाएको छ । चुलाचुली गाउँपालिकाका ५८.८५ प्रतिशत घरधुरीहरुले

ऋण लिई घर व्यवहार र व्यवसाय संचालन गर्दै आएको तथ्याङ्कले देखाएकोछ । ऋणसम्बन्धी वडागत विवरण निम्नानुसार तालिकमा प्रस्तुत गरिएको छः

**ऋण लिने घरधुरीको विवरण**

| वडा | वैंक वा वित्तिय संस्था | सहकारी संस्था | समूह वा सामुदायिक संस्था | साहु माहजन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ४ | ८२ | ९८ | ६ | १८९ | ० | ३७५ |
| ५ | ५० | ५३ | ५० | १७५ | २ | ३३० |
| ६ | ९ | १२४ | १२६ | ३०१ | १ | ५६१ |
| **जम्मा** | १४१ | २७५ | १८२ | ६६५ | ३ | १२६६ |

**इकाई–आठ**

## ८. प्रकोप तथा शान्ति सुरक्षा

### ८.१ प्रकोपको विवरण

चुलाचुली गाउँपालिका वडा नं.४ देखि ६ मा सुख्खा बाडी,खोलाको कटान, बाढी,आगलागी, हावाहुरी, मकैबाली नष्ट जस्ता प्राकृतिक प्रकोपहरूले सताउने गरेको छ। विगत एक वर्षयता प्राकृतिक प्रकोपबाट कुनै मानवीय क्षती नभएको घरधुरी सर्भेक्षण २०७७ ले देखाएकोछ । गाउँपालिकामा एक वर्षको अवधिभित्रमा प्रकोपबाट ११३ घरपरिवारमा क्षति पुऱ्याएको छ। प्राकृतिक प्रकोपबाट २ करोड ९३ लाख ४ हजार बराबरको क्षति भएको छ। प्राकृतिक प्रकोपबाट क्षति पुग्ने घरधुरी र क्षतिको वडागत विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छः

| वडा | प्रकोपवाट प्रभावित घरधुरी | प्रकार र क्षति | |
|---|---|---|---|
| | | प्रकोपको किसिम | भएको क्षतिको रकम( हजारमा) |
| ४ | ० | बाडी , खोलाको कटान,कृषि बालीमा नष्ट | ० |
| ५ | ७१ | | १,६४,१७,००० |
| ६ | ४२ | | ४५,१७,००० |

### ८.२ बालबालिका माथि हुने अपाराध विवरण ,

चुलाचुली गाउँपालिका वडा नं.४,५,६मा १८ वर्ष मुनीका ३०९० जना बालबालिकाहरूमा घर विद्यालय र समुदायमा गरिने कुटपिट, गालीग्लोज र वेञ्चमा उभियाउने जस्ता कार्यहरू हुने गरेकाछन्। बाल विवाह ३ जनाले गर्ने गरेका छन् । भेदभाव, यौन शोषणजस्ता घटना बाहेकका बाल अपराधसम्बन्धी कुनै घटनाहरूबाट ६६ जना बालबालिकाहरू प्रभावित भएका छन्। बालबालिका हाल देखापरेका घटनाहरूको विवरण निम्नानुसार रहेकोछः

| *घटनाहरू* | वडा ४ | वडा ५ | वडा ६ | प्रतिशत |
|---|---|---|---|---|
| बाल श्रमिक | ० | ५ | ० | ०.१६ |
| घरायसी हिंशा | ० | ० | ० | ० |
| बाल विवाह | ० | ० | ३ | ०.०९ |
| यौन शोषण | ११ | ८ | १२ | १.० |
| सडक बालबालिका | ० | २ | ४ | ०.१९ |
| घरेलु कामदार | ० | ५ | ० | ०.१६ |
| बाल गृहमा | २ | ६ | ८ | ०.५१ |
| **जम्मा** | १३ | २६ | २७ | २.१३ |

### ८.३.भिन्न क्षमताका बालबालिकाहरूको विवरण

चुलाचुली गाउँपालिका वडा नं.४,५,६ मा १८ वर्ष मुनीका बालबालिकाहरू मध्ये पालिकाको घरधुरी सर्भेक्षण २०७७ अनुसार भिन्न क्षमता ( अपाङगता)भएका बालिकाहरू ११ जना शारीरिक अपाङगता ४ जना दृष्टिविहिन,२ जना बोल्न नसक्ने, ३ जना सुष्त श्रवण समेत २० जना बालबालिकाहरू भिन्न क्षमताका रहेका छन् । कुल बालबालिका मध्ये भिन्न क्षमता भएका बालबालिकाहरूको ०.६४% रहेकोछ । भिन्न क्षमतासम्बन्धी विवरण चार्टमा देखाईएको छ । भिन्न क्षमतासम्बन्धी विस्तृत वडागत विवरण तालिका २२ मा समावेश गरिएको छ ।



**बालबालिकाको वस्तुगत विवरण  निर्माणमा प्रयोग गरिएका सूचनाका स्रोत तथा सन्दर्भ सामग्रीहरू**

